# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ५ | काठमाडौं | मंगलबार, १५ वैशाख २०८३ | Prabhab National Daily | Tuesday, 28 April 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रु. ५ |-


### डोजर चलाएर सुकुमबासीको उठीबास

## बल्ल बोल्न थाले प्रतिपक्षी दलका नेता

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले कुनै तयारीविनै काठमाडौंका थापाथली, सिनामंगल, गरीगाउँ र मनोहराको सुकुमबासी बस्ती डोजर चलाएर त्यहाँ ओत लिँदै आएकाहरूको उठीबास गरिदिएको छ । प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारको निर्देशनसँगै सेना, प्रहरीको बाक्लो उपस्थितिमा ती स्थान खाली गराइएको हो ।

सरकारले सुकुमबासीलाई त्यहाँबाट उठाएर विभिन्न 'होल्डिङ सेन्टर'मा राखे पनि दीर्घकालीन व्यवस्थापनबारे सरकारले मौनता साँधेको छ । यसबारे न त सरकारका मन्त्रीहरूले मुख खोल्छन् न त सरकारको नेतृत्व गरिरहेको दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले । रास्वपा सभापति रवि लामिछाने परिवर्तनमा केही दुःख हुने प्रतिक्रिया दिएर पन्छिएका छन् ।

'परिवर्तन गर्दा अलिकति दुःख त हुन्छ । तर त्यसले दिने नतिजा भोलिको पुस्ताले पाउने जुन नतिजा छ । हामीले एउटा चुनावबाट अर्को चुनावमात्र हेर्ने होइन, हामीले एउटा पुस्ताबाट अर्को पुस्तामा जाने हो । अब आउने पुस्ताले हामीले भोगेको जस्तो समस्या भोग्न नपरोस् भन्नका लागि काम गर्दा हाम्रो पुस्ताले थोरै समस्याको सामना गर्नुपर्छ,' सभापति लामिछानेले सोमबार सुकुमबासीको समस्याबारे सोधिएको प्रश्नको जवाफ दिँदै भने ।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले भने सुकुमबासी बस्ती हटाइएपछि यसको विरोधमा बल्ल मुख खोलेको छ । कांग्रेसका महामन्त्री प्रदीप पौडेलले सुकुमबासी बस्ती हटाउँदा दमनको शैली अपनाएको आरोप लगाए । 'यो एकदमै हतारमा जबरजस्ती गरिएको जस्तो देखियो । समय दिएर, प्रक्रिया पूरा गरेर थप छानबिन गरेर वास्तविक सुकुमबासीलाई दुःख नहुनेगरी उनीहरूलाई मर्का नपर्नेगरी गरिनु पर्दथ्यो,' सोमबार पार्टी केन्द्रीय कार्यालय सानेपा पुगेका पौडेलले भने, 'तर यो चाहिँ एकदमै हतारमा जोड जबरजस्ती अनि राज्यले पेलेजस्तो देखियो ।'

प्रधानमन्त्री शाहको निर्देशनमा शनिबार, आइतबार र सोमबार गरी ती क्षेत्रमा रहेका सुकुमबासी बस्तीमा डोजर चलाइएको थियो । यसरी डोजर चलाएर जनतालाई दुःख दिने काम राज्यले गरेको महामन्त्री पौडेलको भनाइ छ । 'जबरजस्ती डोजर लगाएर निकाल्ने काम भयो । दुःख दिने काम भयो । राज्यले दायित्व निर्वाह गरेजस्तो परिस्थिति देखिएन,' पौडेलले भने, 'हतार गरियो, पीडा दिइयो । दमन गरेजस्तो गरियो ।

⏭ क्रमशः पृष्ठ २ मा



यो एकदमै हतारमा जबरजस्ती गरिएको जस्तो देखियो । समय दिएर, प्रक्रिया पूरा गरेर थप छानबिन गरेर वास्तविक सुकुमबासीलाई दुःख नहुनेगरी उनीहरूलाई मर्का नपर्नेगरी गरिनु पर्दथ्यो ।

■ **प्रदीप पौडेल**
महामन्त्री, नेपाली कांग्रेस



डोजर चलाएर बुट देखाएर बन्दुक देखाएर जनतालाई आतंकित बनाएर यो समस्या हल हुँदैन । यो समस्या १५ जिल्लामा छन् । रास्वपाले जे गरिरहेको छ, यो दमनचक्र हो ।

■ **झलनाथ खनाल**
पूर्वप्रधानमन्त्री



गरिबको घाउमा मल्हमपट्टी लाउने पो सरकार । गरिबको जीवनमा घाउ दिने अनि नुनचुक छर्कने त सरकार होइन ।

■ **हर्क साम्पाङ**
अध्यक्ष, श्रम संस्कृति पार्टी

### कारण देखाउन सर्वोच्चको आदेश

सर्वोच्च अदालतले काठमाडौंका विभिन्न नदी किनार र सार्वजनिक स्थानमा बनाइएका बस्ती खाली गर्न लागिएको कामविरुद्ध दायर रिट निवेदनमा कारण देखाऊ आदेश जारी गरेको छ । न्यायाधीश शान्तिसिंह थापाको एकल इजलासले सोमबार जिल्ला प्रशासन कार्यालय काठमाडौं र काठमाडौं महानगरपालिकालाई लिखित जवाफ माग गर्दै कारण देखाऊ आदेश जारी गरेको हो ।

⏭ क्रमशः पृष्ठ २ मा

## जेन-जी विद्रोहपछि पार्टी र राजकीय सत्तामा उलटफेर

- ⏭ कांग्रेस संसदीय दलको नेता आदिवासी सांसद भीष्मराज आङ्देम्बे
- ⏭ वालेन्द्र शाह मधेसी समुदायबाट पहिलो प्रधानमन्त्री
- ⏭ पहिलो महिला प्रधानमन्त्री सुशीला कार्की
- ⏭ प्रतिनिधिसभामा युवा सांसदको वर्चश्व
- ⏭ मन्त्रिपरिषद्मा युवा मन्त्रीहरूको प्रतिनिधित्व
- ⏭ हरेक दलमा युवा सहभागिता बढाउन दबाब


बालेन्द्र शाह


सुशीला कार्की


गगन थापा


भीष्मराज आङ्देम्बे

■ जेबी योञ्जन

**काठमाडौं–** जेन-जी विद्रोहपछि पार्टी सत्ता र राजकीय सत्तामा अर्थपूर्ण पुस्तान्तरण देखिएको छ । शासकीय नेतृत्वदेखि संसदीय नेतृत्वमा महिला, आदिवासी जनजाति र मधेसीसँगै दलित समुदायको क्रमशः प्रतिनिधित्व भएको हो । अर्थात्, परिवर्तनको केन्द्रमा 'समावेशिता' देखिएको छ ।

विगतमा राज्यसत्ता र पार्टी संरचनामा खस-आर्य पुरुषको एकल वर्चश्व थियो । संविधानले समावेशी शासनको परिकल्पना गरे पनि व्यवहारमा त्यो पूर्णरूपमा लागू हुन सकेको थिएन । तर, गत भदौ २३ र २४ को जेन-जी विद्रोहले ल्याएको राजनीतिक उथलपुथलले यो असन्तुलनलाई भत्काउने अवसर सिर्जना गऱ्यो । अहिले नेतृत्व तहमा महिला, आदिवासी, मधेसी र दलित समुदायको उपस्थिति उल्लेखनीयरूपमा बढेको छ, जसले राज्यको चरित्रलाई नै परिवर्तन गर्न थालेको त्रिभुवन विश्वविद्यालयको राजनीतिशास्त्रका प्राध्यापक डा. तारानाथ घिमिरे बताउँछन् । उनका अनुसार यसअघिका सत्ताधारी दलहरूले 'गणतन्त्र'को सही सदुपयोग नगर्दा जेन-जी विद्रोहमार्फत आक्रोशपूर्ण अभिव्यक्तिको प्रकटीकरण हुँदा दल र सत्तामा पुस्तान्तरण भएको हो । 'सहज पुस्तान्तरण पटक्कै होइन, आक्रोशपूर्ण र असहजतापूर्ण परिस्थितिको दबाबमा भएको हो,' उनले प्रभावसँग भने ।

जेन-जी विद्रोहपछि नेपाली कांग्रेसका सभापति गगन थापाको शब्दमा 'बदलिएको' कांग्रेसले पहिलोपटक आदिवासी नेतालाई सोमबार संसदीय दलको नेता चुन्यो । नेपालको सन्दर्भमा संसदीय राजनीतिको 'गुरु' भनिने कांग्रेसले स्थापनाको आठ दशकमा बल्ल आदिवासी समुदायका नेता भीष्मराज आङ्देम्बेलाई संसदीय दलको नेता बनाएको हो ।

यससँगै आङ्देम्बे प्रमुख विपक्षी नेता पनि भएका छन् । शक्तिशाली वालेन्द्र सरकारलाई प्रतिनिधिसभामार्फत 'नियन्त्रण र सन्तुलन' गराउने जिम्मेवारी उनले पाएका छन् ।

⏭ क्रमशः पृष्ठ २ मा

> “पुस्तान्तरणको माग पहिलेदेखि उठ्दै आएको थियो, जुन जेन-जी विद्रोहपछि सम्भव भयो । यो सकारात्मक हो । तर सहज पुस्तान्तरण पटक्कै होइन, आक्रोशपूर्ण र असहजतापूर्ण परिस्थितिको दबाबमा भएको हो ।
>
> ■ **डा. तारानाथ घिमिरे**
> राजनीतिशास्त्रका प्राध्यापक, त्रिवि

### 'प्रमुख प्रतिपक्षी दलको जिम्मेवारीलाई सशक्त बनाउँछु'

**काठमाडौं (प्रस)–** नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले पार्टीले प्रमुख प्रतिपक्षी दलको जिम्मेवारी सशक्तरूपमा बहन गर्ने बताएका छन् ।

संसदीय दलको नेतामा निर्विरोध निर्वाचित भएपछि सोमबार दलको कार्यालय सिंहदरबारमा सञ्चारकर्मीसँग उनले सत्तामा रहेकालाई सही काम गर्न सशक्त भूमिका निर्वाह गरिने बताए । संसदीय दलको नेताका हैसियतमा आफूले त्यो भूमिकालाई थप प्रभावकारी बनाउन लाग्ने नेता आङ्देम्बेको भनाइ थियो ।

'सरकारका राम्रा कामको समर्थन र नराम्रा कामको सशक्त प्रतिवाद गर्छौं । सत्तामा रहनेले लोकतान्त्रिक संस्कार र प्रणालीमा घोचपेच गरेमा सचेत गराउँछौं,' उनले भने ।

संसदीय दलका नेता आङ्देम्बेले दलको प्रमुख सचेतक र सचेतकलगायत बाँकी पदाधिकारी २४ घण्टाभित्र मनोनयन गर्नेगरी छलफल भइरहेको जानकारी दिए ।

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

### वैदेशिक रोजगार व्यवसायी संघमा किचलो

## कार्यसमितिका पाँच पदाधिकारीसहित ११ जनाले दिए सामूहिक राजीनामा

### नयाँ नेतृत्व चयन गर्न माग

■ ममता थापा

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको वर्तमान कार्यसमिति विघटनतर्फ उन्मुख भएको छ । अध्यक्ष भुवनसिंह गुरुङ र महासचिव महेशकुमार बस्नेतबीचको विवाद उत्कर्षमा पुगेपछि यस्तो स्थिति आएको हो ।

विवाद समाधान नभएपछि सोमबार पाँच पदाधिकारीसहित ११ जनाले गुरुङ नेतृत्वको वर्तमान कार्यसमितिबाट सामूहिक राजीनामा दिएका छन् । यसरी राजीनामा दिने पदाधिकारीहरूमा प्रथम उपाध्यक्ष सुजितकुमार श्रेष्ठ, तृतीय उपाध्यक्ष वैकुण्ठप्रसाद पौडेल, महासचिव बस्नेत, सचिव कुन्छादोर्जे डिम्दोङ र कोषाध्यक्ष धनमाया सिञ्जाली रहेका छन् । त्यस्तै सदस्यहरू रेखा शर्मा, कृष्ण ढकाल, भरत सापकोटा, हिमा गुरुङ, रमा खड्का र देवीप्रसाद गिरीले पनि राजीनामा दिएका छन् ।



संघका सात पदाधिकारीमध्ये पाँच जना र १० जना कार्यसमिति सदस्यमध्ये छ जनाले राजीनामा दिएपछि अध्यक्ष गुरुङ अल्पमतमा परेका छन् । राजीनामासँगै असन्तुष्ट पक्षले सिफलस्थित संघको कार्यालयमा तालासमेत लगाएको छ । सामूहिक राजीनामा दिएका पदाधिकारी तथा सदस्यहरूले अध्यक्ष गुरुङको गतिविधि व्यक्तिकेन्द्रित भएको आरोप लगाएका छन् । गुरुङको नेतृत्वमा रहेर अपेक्षित काम गर्न नसकिने निष्कर्षसहित सामूहिक राजीनामा दिइएको उनीहरूको भनाइ छ । अब संघमा तत्काल नयाँ नेतृत्व चयन गर्नुपर्ने मागसमेत उनीहरूले राखेका छन् ।

संघको कार्यालयमा सोमबार आयोजित पत्रकार सम्मेलनमा सामूहिक राजीनामा दिनुको १० बुँदे कारण खुलाएका थिए । जसमा अध्यक्ष गुरुङको कार्यशैली संस्थागतभन्दा कम्पनीको शैली झल्किएको, निर्णय प्रक्रिया निष्पक्ष, पारदर्शी र सामूहिक नभएको, कार्यसमितिका पदाधिकारी तथा सदस्यले उठाएका विषयलाई महत्त्व नदिएकोलगायत छन् ।

⏭ क्रमशः पृष्ठ २ मा

#### यी हुन् राजीनामा दिने पदाधिकारी र सदस्य

**सुजितकुमार श्रेष्ठ**, प्रथम उपाध्यक्ष
**वैकुण्ठप्रसाद पौडेल**, तृतीय उपाध्यक्ष
**महेशकुमार बस्नेत**, महासचिव
**कुन्छादोर्जे डिम्दोङ**, सचिव
**धनमाया सिञ्जाली**, कोषाध्यक्ष
**सदस्यहरूः** रेखा शर्मा, कृष्ण ढकाल, भरत सापकोटा, हिमा गुरुङ, रमा खड्का र देवीप्रसाद गिरी

## सर्वोच्चले खारेज गऱ्यो पूर्वविशिष्टलाई विदेशमा उपचार गराउँदा खर्च दिने कानुन

- ⏭ पूर्वविशिष्ट पदाधिकारीलाई उपचार गराउँदाको खर्च दिने कानुन खारेज
- ⏭ स्वदेशमै हुने उपचार विदेशमा गराउने र उपचार खर्च लिँदा भ्रष्टाचार भएको आरोप
- ⏭ विदेशमा उपचार गराएर सर्वाधिक खर्च लिनेमा पूर्वप्रधानमन्त्री केपी ओली, त्यसपछि पूर्वराष्ट्रपति रामवरण यादव




■ प्रभाव संवाददाता

**काठमाडौं–** पूर्वविशिष्ट व्यक्ति (भिआइपी)हरूले विदेशमा उपचार गराउँदा राज्यकोषबाट रकम नपाउने भएको छ । सर्वोच्च अदालतले सोमबार त्यससम्बन्धी कानुनी व्यवस्था खारेज गरेको हो ।

सर्वोच्चका प्रवक्ता अर्जुन कोइरालाका अनुसार संवैधानिक इजलासले संविधान र ऐनसँग बाझिएको कार्यविधिमा भएको व्यवस्था खारेज हुने निर्णय गरेको हो । सर्वोच्चले आदेशको संक्षिप्त विवरण भने सार्वजनिक गरेको छैन । स्वदेशमै उपचार सम्भव हुने हुँदा पनि पूर्वविशिष्ट पदाधिकारीहरू विदेशमा जाने र राज्यको ढुकुटीबाट उपचारबापतको खर्च भराउने गर्थे ।

ती पूर्वविशिष्ट व्यक्तिहरू पूर्वराष्ट्रपति, पूर्वउपराष्ट्रपति, पूर्वप्रधानमन्त्री, पूर्वसभामुख, पूर्वप्रधानन्यायाधीश, पूर्वउपसभामुख, पूर्वउपप्रधानमन्त्री, पूर्वमन्त्री, पूर्वराज्यमन्त्री, पूर्वसहायकमन्त्री, पूर्वसांसद र पूर्वसंवैधानिक पदाधिकारीसमेत पर्थे । यसरी विदेशमा गरिँदै आएको स्वास्थ्य उपचार खर्चमा व्यापक भ्रष्टाचारको आरोप लागेको थियो ।

यसबीचमा अधिवक्ता राधिका चम्लागाईंलगायत पूर्वविशिष्ट व्यक्तिको विदेशमा उपचार गराउँदाको खर्च भराउने कानुनी व्यवस्था खारेजीको मागसहित सर्वोच्च पुगे । सँगै संविधानसँग बाझिएका कानुन खारेजीको माग थियो । निवेदकहरूको मागअनुसार सर्वोच्चले सोमबार 'नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७३' को दफा १२ (१) लाई खारेज गर्ने निर्णय गरेको हो । जहाँ पूर्वराष्ट्रपति, पूर्वप्रधानमन्त्रीदेखि पूर्वसांसद र संवैधानिक निकायका पूर्वपदाधिकारीसम्मले विदेशमा उपचार गराउँदा लाग्ने खर्च सरकारले व्यहोर्ने व्यवस्था थियो ।

⏭ क्रमशः पृष्ठ २ मा

# निजामती विधेयकको मस्यौदामाथि ३५ सयभन्दा बढी सुझाव

■ प्रभाव संवाददाता

**काठमाडौं–** संघीय शासन प्रणालीलाई सुदृढ र संस्थागत गर्नका लागि तर्जुमा गरिएको संघीय निजामती सेवा विधेयकको प्रारम्भिक मस्यौदामाथि सोमबारसम्म तीन हजार ५०० भन्दा बढी राय, सुझाव तथा पृष्ठपोषण प्राप्त भएका छन् ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सोमबार एक सूचना जारी गरी यसका अतिरिक्त विभिन्न सामाजिक सञ्जालमा व्यक्त भएका सुझाव र प्रतिक्रियासमेत संकलन तथा विश्लेषण गरिरहेको जानकारी गराएको हो ।

सरोकार भएका निकाय, राष्ट्रसेवक कर्मचारी र आमनागरिकको जानकारी तथा पृष्ठपोषणका लागि यही वैशाख ११ गते मन्त्रालयको आधिकारिक वेबसाइटमा उक्त मस्यौदा प्रकाशन गरेको थियो ।

विधेयकलाई थप प्रभावकारी बनाउन प्राप्त सुझावलाई व्यवस्थित रूपमा संकलन, अध्ययन तथा विश्लेषण गर्न मन्त्रालयले त्यसका लागि प्रशासन सुधार महाशाखा प्रमुखको संयोजकत्वमा एक कार्यसमूह गठन गरी अध्ययन विश्लेषणको कार्य भइरहेको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले सूचनामा भनेको छ, 'मन्त्रालयद्वारा सार्वजनिक विधेयकको मस्यौदा प्रारम्भिक मस्यौदा भएकाले यसमा सुधारका धेरै क्षेत्रहरू रहेका विषयमा मन्त्रालय अवगत छ । अतःमस्यौदालाई अन्तिम रूप दिनुपूर्व सरोकार भएका निकायबाट प्राप्त सुझाव अध्ययन गरी उपयुक्तता र औचित्यका आधारमा समावेश गरिने विषयमा सम्बद्ध सबैलाई आश्वस्त हुनसमेत अनुरोध छ ।'

मन्त्रालयले यसअघि उपलब्ध गराएको सुझावका अतिरिक्त अध्ययन कार्यसमूहको इमेल तथा ह्वाट्एप नम्बरमार्फत आफ्ना राय सुझाव र पृष्ठपोषण पठाउन पनि अनुरोध गरेको छ ।

# कुष्ठरोग लागेका व्यक्तिसँग विवाह बदर हुने कानुनी व्यवस्था खारेज

**काठमाडौं (प्रस)–** सर्वोच्च अदालतले कुष्ठरोग लागेका व्यक्तिसँग झुक्याएर गराइएको विवाह बदर हुने कानुनी व्यवस्था खारेज हुने फैसला गरेको छ ।

कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्ल, न्यायाधीशहरू कुमार रेग्मी, डा. मनोजकुमार शर्मा, शारंगा सुवेदी र अब्दुल अजीज मुसलमानको संवैधानिक इजलासले सोमबार उक्त फैसला गरेको हो ।

'अदालतले मुलुकी देवानी संहिता ऐन, २०७४ मा रहेको कुष्ठरोगसम्बन्धी व्यवस्था अदालतले खारेज गरेको हो,' सर्वोच्च अदालतका प्रवक्ता अर्जुन कोइरालाले भने, 'कुष्ठरोग पहिले निको नहुने र घातक रोगको रूपमा रहे पनि अहिले उपचारपछि निको भएर मानिस सामान्य अवस्थामा फर्किन सक्छ भन्ने दृष्टिकोणका साथ उक्त कानुनी व्यवस्था खारेज हुने निर्णय भएको हो ।'

अधिवक्ता प्रल्हाद महतलगायतले कुष्ठरोग निको हुने र मानिस सामान्य अवस्थामा फर्किन सक्ने उल्लेख गर्दै कुष्ठरोग लागेका व्यक्तिसँग झुक्याएर गराइएको विवाह बदर हुने कानुनी व्यवस्था खारेज माग गरिएको थियो ।

# विपद्जन्य घटनाबाट एकैदिन १० जनाको मृत्यु

**काठमाडौं (प्रस)–** विपद्जन्य घटनाबाट एकैदिन १० जनाको मृत्यु भएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार पछिल्ला २४ घण्टामा भएका ६९ वटा विपद्का घटनामा १० जनाको मृत्यु भएको हो । घटनामा अन्य २५ जना घाइते भएका छन् ।

प्राधिकरणकी प्रवक्ता शान्ति महतका अनुसार चटचाङबाट सबैभन्दा बढी पाँच जनाको मृत्यु भएको छ । यस्तै, आगलागीबाट एक, लेक लागेर दुई र सर्पदंश तथा जनावरको आक्रमणबाट दुई जनाको मृत्यु भएको उनले जानकारी दिइन् ।

यस अवधिमा चटचाङका ३८ वटा घटना भएकामा १९ जना घाइते भएका छन् । ती घटनाबाट रु ३८ लाखको भौतिक क्षति भएको पनि प्राधिकरणले जनाएको छ । देशका विभिन्न ५२ जिल्लामा विपद्का घटना भएको थिए ।

प्राधिकरणका अनुसार पछिल्ला १४ दिनमामात्रै विपद्बाट ३३ जनाको मृत्यु भएको छ भने १२१ जना घाइते भएका छन् । यस अवधिका ५४४ वटा विपद्का घटना भएका थिए ।

## पृष्ठ १ बाट क्रमशः

### जेन-जी...

यसअघि १३ चैतमा मधेसी समुदायबाट प्रधानमन्त्री बन्ने पहिलो नेता बने- वालेन्द्र । तराई मधेस कांग्रेस गठन गरेर २००८ सालतिरै मधेसकेन्द्रित राजनीतिको थालनी भए पनि मधेसी समुदायबाट देशको शासकीय नेतृत्व प्रधानमन्त्री बन्न साढे सात दशक कुर्नुपर्‍यो । मधेसको मुद्दालाई उठाएर संसद्मा उनीभन्दा पहिले कयौं नेता आए । उपप्रधानमन्त्रीसम्म भए । तर, प्रधानमन्त्री भएका थिएनन् । शाह भने काठमाडौं महानगरपालिकाको प्रमुख भएको तीन वर्षमै देशको प्रधानमन्त्री बने । उनी प्रधानमन्त्री भएको दिन १३ चैतमा मधेसमा 'दीप प्रज्ज्वलन' भयो, जुन देशको सत्ताप्रति मधेसको सीधा अपनत्वबोधको संकेत भएको सरोकारवालाहरूको भनाइ थियो ।

उनीभन्दा साढे छ महिनाअघि देशले पहिलो महिला प्रधानमन्त्री पाएको थियो । उनी हुन्- पूर्वप्रधानन्यायाधीश सुशीला कार्की । जेन-जी विद्रोहपछि देश एकातिर गहिरो राजनीतिक संकटमा फसेको र संविधान पनि मृतप्रायः भएको अवस्थामा अर्कातिर नयाँ र पुराना राजनीतिक दलबीच संवादहीनताको स्थितिलाई सम्हालेर चुनाव गर्नुपर्ने चुनौतीपूर्ण कार्यभार उनले सम्हालिन् । उक्त कार्यभार सफलतापूर्वक पूरा गरेर सत्ताबाट बाहिरिइन् ।

देशमा महिलाले नेतृत्व लिन थालेको २०१० सालतिर भएको काठमाडौं म्युनिसिपालिटीको चुनावदेखि नै हो । त्यसपछि द्वारिकादेवी ठकुरानी मन्त्री भइन् भने कांग्रेस नेतृहरू शैलजा आचार्य, सुजाता कोइरालालगायत उपप्रधानमन्त्रीसम्म बने । तर, कोही पनि महिला प्रधानमन्त्री भएका थिएनन् । जेन-जी विद्रोहपछिको विकसित राजनीतिमा महिला, मधेसीदेखि आदिवासी पार्टीसत्ता र राजकीय सत्ताको केन्द्रमा देखा परे ।

पार्टी संरचनाहरूमा खासगरी युवाको प्रतिनिधित्व हस्तक्षेपकारी ढंगले बढ्दै गएको छ । झण्डै ८० वर्षे सभापति शेरबहादुर देउवालाई विशेष महाधिवेशनबाट विस्थापन गर्दै युवा नेता गगन थापा कांग्रेसको सभापति बनेका छन् ।

नेकपा एमालेमा नेतृत्व परिवर्तनको माग जोडतोडले उठेको छ । अबको पार्टी नेतृत्व पार्टीको पहिलो र दोस्रो तहबाटभन्दा पनि तेस्रो तहबाट खोजिनुपर्ने एजेण्डाले पार्टीमा हुने बहसमा प्राथमिकता पाउन थालेको छ । यता नेपाली कम्युनिस्ट पार्टी (नेकपा)मा ६० प्रतिशतसम्म पार्टीको केन्द्रीय कमिटीमा युवा प्रतिनिधित्वको माग उठेको छ । आगामी मंसिरको दोस्रो साता हुने महाधिवेशनले पार्टीमा युवा प्रतिनिधित्व व्यापक हुनुपर्ने सवाललाई सम्बोधन गर्नुपर्ने भन्दै युवा नेताहरूले बहस गरिरहेका छन् ।

कानुन निर्माण गर्ने थलो प्रतिनिधिसभामा पनि युवाको सांसदहरूको स्पष्ट वर्चश्व देखिएको छ । मन्त्रिपरिषद्मा पनि युवाहरूकै बाहुल्यता रहेका छ । राजनीतिशास्त्री घिमिरे यसलाई दलीय र राजकीय भूमिकामा स्पष्ट पुस्तान्तरणको रूपमा अर्थ्याउँछन् । उनले भने, 'पुस्तान्तरणको माग पहिलेदेखि उठ्दै आएको थियो, जुन जेन-जी विद्रोहपछि सम्भव भयो । यो सकारात्मक हो ।'

■■■

### प्रमुख...

#### आङ्देम्बेको राजनीतिक यात्रा

६१ वर्षीय आङ्देम्बे करिब पाँच दशकदेखि कांग्रेस राजनीतिमा सक्रिय छन् । उनी पञ्चायतविरोधी आन्दोलन, पहिलो र दोस्रो जनआन्दोलनका अग्रपंक्तिका नेता हुन् ।

उनले विसं २०३६ मा पाँचथरको फिदिम माध्यमिक विद्यालयमा अध्ययन गर्दादेखि नेपाल विद्यार्थी संघका माध्यमबाट राजनीतिमा प्रवेश गरेका हुन् । पाँचथरको साविक उम्लाबुङ घर भएका आङ्देम्बे आफ्ना बाजे पूर्वमन्त्री देउमान आङ्देम्बेको प्रेरणाले राजनीतिमा लागेको बताउँछन् । विसं २०४२ मा कांग्रेस नेताहरू सत्याग्रहमा बसेका थिए । त्यस क्रममा उनी पनि पक्राउ परेर नौ महिना जेल बसेका थिए । त्यसपछि पटक-पटक गरी उनी डेढ वर्ष जेल बसे ।

आङ्देम्बे विसं २०४२ तिरै नेविसंघको केन्द्रीय सदस्य भएका थिए । २०४६ सालको जनआन्दोलनमा उनले नेविसंघको केन्द्रीय सदस्यका रूपमा पूर्वाञ्चलको कमाण्ड सम्हालेका थिए । विसं २०४६ मा प्रजातन्त्र पुनःस्थापना भएपछि उनलाई २०४९ को स्थानीय निकायको निर्वाचनमा जिल्ला विकास समितिको सभापति बनाउने चर्चा भएको थियो, तर उनले भने नेता भूविक्रम नेम्बाङ वरिष्ठ नेता भएकाले उनलाई छोडेको सुनाए । त्यसबेला उनी जिल्ला विकास समितिको सदस्य भएका थिए ।

आङ्देम्बे विसं २०५१ मा नेपाल तरुण दलको केन्द्रीय उपाध्यक्ष बने । विसं २०५६ मा उनी पाँचथर जिल्ला निर्वाचन क्षेत्र-२ बाट संसदीय निर्वाचनमा उम्मेदवार बने पनि पराजित भए । त्यसपछिका निर्वाचनमा पनि उम्मेदवार भएका आङ्देम्बे विसं २०७० मा भएको दोस्रो संविधानसभा निर्वाचनमा जित हासिल गरेका थिए । त्यसबेला उनी संविधानसभाको संसदीय सुनुवाइ समिति सदस्य बनेका थिए । संविधान निर्माणमा क्रममा देखिएका विवाद समाधान गर्न गठित समितिमा रहेर पनि उनले काम गरे । त्यसबेला उनी नेपाली समाजको बहुजातीय र बहुधार्मिक संरचनालाई स्वीकार गर्दै बहुपहिचानकै आधारमा समाधान खोज्नुपर्ने धारणा राख्दै एकल पहिचानका विपक्षमा उभिएका थिए ।

राज्य पुनर्संरचनामा पहिचानलाई कसरी समेट्ने भन्ने विषयमा भीमबहादुर तामाङ, महेश आचार्य, डा. मीनेन्द्र रिजाल र आङ्देम्बेलगायत नेताहरू सम्मिलित एउटा समिति गठन गरिएको थियो । उक्त समितिले व्यापक बहस र छलफलपछि 'जातीय द्वन्द्व मेटिने, पहिचान भेटिने' भन्ने मार्गचित्र प्रस्तुत गरेको थियो ।

'यो निष्कर्ष केवल सैद्धान्तिक धारणामात्र नभई जनस्तरको वास्तविक भावना र अनुभवमा आधारित थियो,' उनी भन्छन्, 'पछि देश नै त्यही बाटोमा गयो । केही असन्तुष्टि भए पनि धेरैजसो विरोधका स्वर तत्कालका लागि मत्थर हुन पुगेका थिए ।'

संविधानसभा व्यवस्थापिका संसद्मा रूपान्तरित भएपछि आङ्देम्बे संसद्को उद्योग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण समिति सभापति भई काम गरेका थिए । कांग्रेसको आदिवासी जनजाति विभागको संयोजकका रूपमा काम गर्दै उनले पार्टीभित्र समावेशी मुद्दालाई उठाएर त्यसलाई सम्बोधन गर्न दबाब सिर्जना गरेका थिए । यस्तै, कांग्रेस केन्द्रीय अनुशासन समितिको संयोजक भएर आङ्देम्बे संगठनभित्र अनुशासन कायम गर्ने जिम्मेवारी पनि सम्हाले । आङ्देम्बे तीनपटक केन्द्रीय सदस्य र एकपटक सहमहामन्त्री भइसकेका छन् ।

■■■

### बल्ल...

अध्ययन नगरी, जाँचबुझ नगरी म राज्य हुँ, मैले जे गरे पनि हुन्छ भनेजस्तो गरी हतारमा राज्यको सम्पूर्ण बल प्रयोग गर्नु हुँदैनथ्यो ।'

नेपाली कम्युनिस्ट पार्टीका नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनालले अहिलेको सरकारले सुकुमबासी समस्या समाधान गर्न नसक्ने दाबी गरेका छन् । देशभर ४० लाखभन्दा बढी सुकुमबासी भएको उल्लेख गर्दै पूर्वप्रधानमन्त्री खनालले रास्वपाको सरकारले दमनमात्र गरेको र व्यवस्थापन गर्न नसक्ने बताएका हुन् । 'डोजर चलाएर, बुट र बन्दुक देखाएर जनतालाई आतंकित बनाएर यो समस्या हल हुँदैन । यो समस्या १५ जिल्लामा छन्,' खनालले भने, 'रास्वपाले जे गरिरहेको छ । यो दमनचक्र हो ।'

सबैभन्दा बढी मधेसका झापादेखि कञ्चनपुर, सुर्खेत, दाङ, नवलपरासी, चितवन, मकवानपुर, उदयपुरजस्ता जिल्लामा समस्या रहेको उनले बताए ।

सुकुमबासी बस्तीमा डोजर चल्दा सुरुमा श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङ एक्लैले विरोध सुरु गरेका थिए । उनले सरकारले हतारोमा दमन गरी भूमिहीन लखेटिएको बताउँदै सरकारको चर्को आलोचना गरेका थिए । भूमिहीनको घाउमा नुनचुक दलेर सरकारले बेइमानी गरेको अध्यक्ष साम्पाङको भनाइ थियो । 'गरिबको घाउमा मल्हमपट्टी लाउने पो सरकार । गरिबको जीवनमा घाउ दिने अनि नुनचुक छर्कने त सरकार होइन,' उनले भने । साम्पाङले सरकारको यस कार्यको विरोध गर्दै भूमिहीनहरूको एकतामा जोड दिएका छन् ।

#### टीकापुरमा पनि चल्यो डोजर

अतिक्रमित सरकारी जग्गा हटाउने सरकारी निर्णयपछि रूपन्देहीको बुटवलमा आइतबार डोजर चलेको थियो । उच्च अदालत बुटवलको अतिक्रमित सरकारी जग्गाका संरचना डोजर चलाएर भत्काउन थालिएको हो ।

बुटवल उपमहानगरपालिकाले अदालतको अनुरोधमा बुटवल-४ जेसिज चोक उत्तरतर्फको अतिक्रमित जग्गाका संरचना भत्काएको थियो । सामेबार कैलालीको टीकापुर बजार क्षेत्रमा सार्वजनिक जग्गामा बनाइएका संरचना हटाउन थालिएको छ ।

टीकापुर नगरपालिकाले बजार क्षेत्रमा सार्वजनिक जग्गा कब्जा गरेर बनाइएका टहरा तथा छाप्रा सोमबारदेखि हटाउन थालेको हो । प्रमुख प्रशासकीय अधिकृत सुमन धितालले सार्वजनिक जग्गामा बनाइएका टहरा एवं छाप्राको पहिचान गरेर तिनलाई हटाउने काम थालिएको बताए ।

उनकाअनुसार अतिक्रमण गरिएका क्षेत्रमा आफैँ खाली गराउन नगरपालिकाले १५ दिने सूचनासमेत जारी गरेको थियो तर उक्त अवधिमा संरचना नहटाउनेको हकमा डोजर चलाइएको उनले बताए ।

■■■

### कारण...

सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाका अनुसार उक्त विषयमा दुवै पक्षको छलफलका लागि यही वैशाख २२ मा बोलाउने आदेश भएको छ । गोपाल रन पहलीसमेत ११ जनाले यही वैशाख ११ गते सुकुमबासी बस्ती खाली गर्न लागिएकोविरुद्ध रिट निवेदन दर्ता गरेका थिए । काठमाडौंका नदी किनाराका सुकुमबासी बस्ती खाली गर्न जिल्ला प्रशासन कार्यालय र काठमाडौं महानगरपालिकाले सूचना जारी गरेको विरुद्ध रिट निवेदन दायर गरिएको हो ।

रिट निवेदनमा काठमाडौं उपत्यका तथा देशभरिका नदी किनार वा जुनसुकै स्थानका सुकुमबासी बस्तीका भूमिहीन परिवारको पहिचान, प्रमाणीकरण र वैकल्पिक व्यवस्था नगरी कुनै पनि परिवारलाई हटाउने, उठाउने, विस्थापित गर्ने वा कुनै पनि किसिमको जबरजस्ती कारबाही नगर्नू, नगराउनू भनी अन्तरिम आदेशको माग गरिएको थियो ।

■■■

### कार्यसमितिका...

संघका महासचिव बस्नेतले बहुमत पदाधिकारी तथा सदस्यको राजीनामापछि नयाँ निर्वाचन प्रक्रिया अगाडि बढाउन सम्बन्धित निकायलाई अनुरोध गरेका छन् । 'बहुमत पदाधिकारी तथा सदस्यको राजीनामापछि कार्यसमिति अल्पमतमा परेको छ । विधानअनुसार संघ प्रभावकारी निर्णय तथा काम गर्न नसक्ने अवस्था बनेको छ,' उनले भने, 'संघको विधानबमोजिम कार्यसमिति विघटन गरी नयाँ कार्यसमितिको निर्वाचन प्रक्रिया अघि बढाउन जिल्ला प्रशासन कार्यालयले आवश्यक व्यवस्था गरोस् ।'

प्रथम उपाध्यक्ष श्रेष्ठ अध्यक्षको गतिविधिका कारण बाध्यताबस सामूहिक राजीनामाको निर्णय लिनुपरेको बताए । 'पछिल्लो कालखण्डमा उहाँ (अध्यक्ष)को कारण काम गर्न धेरै गाह्रो भयो । अब बहुमत पदाधिकारी नभएपछि यो संस्थालाई अगाडि बढाउन कठिन हुन्छ । हामीले मार्गप्रशस्त गरिदिएका छौं,' श्रेष्ठले भने ।

सरकारले रोजगारीमा जाने श्रमिकको श्रम स्वीकृति नवीकरण खुलाउँदा अध्यक्ष गुरुङले संस्थागत रोजगारी खुलाउन नदिएको श्रेष्ठले आरोप लगाएका छन् । 'रि-इन्ट्री खोल्ने अनि संस्थागत नखुलाउने भनेर मन्त्रालयमा सोध्दा त्यहाँका कर्मचारीले तपाईंहरूले अध्यक्षले भोलि केही भए तपाईंहरू जिम्मेवार हुनपर्छ भन्नुभएको छ भने । व्यवसायीको नेतृत्व गरेर व्यवसायी विरोधी काम गर्ने ?,' उनले प्रश्न गरे ।

संघका तृतीय उपाध्यक्ष पौडेलले समस्या समाधानका लागि पटक-पटक बैठक बोलाउन आग्रह गर्दा पनि सुनुवाइ नगरेको तर राजीनामा दिएपछि भने मंगलबारका लागि बैठक बोलाएकाले त्यसको कुनै औचित्य नभएको बताए । 'आफ्ना कमजोरीलाई सुधार्नुहुन्छ कि भनेर हामीले हामीले बारबार बैठक बोलाउन भन्यौं । तर उहाँले संघमा आएर बैठक गर्नुभएन । रेस्टुरेण्टतिर गर्नुभयो,' पौडेलले भने, 'हामीले सिडिओ कार्यालयमा राजीनामा बुझाएको थाहा पाएपछि मात्र भोलिको मिटिङको नाटक मञ्चन गर्नुभयो । त्यसको कुनै अर्थ छैन ।'

संघका गतिविधिका विषयमा प्रेस विज्ञप्ति निकालौं, बैठकलाई पारदर्शी बनाएर सबै व्यवसायीले थाहा पाउने व्यवस्था गरौं भन्दा अध्यक्ष गुरुङले नमानेको सचिव दिम्डोङको भनाइ छ । त्यस्तै कोषाध्यक्ष सिञ्जालीले गलत व्यक्तिले नेतृत्व सम्हाल्दा धेरै दुःख पाएको बताइन् ।

पत्रकार सम्मेलनमा बोल्ने सदस्यहरूले अध्यक्ष गुरुङले विभेदकारी व्यवहार देखाएको, महिला सदस्यहरूले पाउने अधिकार दिन चासो नदेखाएकोलगायत आरोप लगाएका थिए ।

■■■

### सर्वोच्चले...

प्रवक्ता कोइरालाका अनुसार यो व्यवस्था संविधान र प्रचलित ऐनसँग बाझिएकाले खारेज गर्ने निर्णय संवैधानिक इजलासले गरेको हो । जनस्वास्थ्य ऐन, २०७५ जारी भएपछि यसको दफा ३० ले स्पष्ट रूपमा 'कुनै पनि व्यक्तिलाई विदेशमा उपचार गर्नुपर्ने भएमा त्यसको खर्च सरकारले उपलब्ध गराउने छैन' भन्ने कानुनी व्यवस्था उल्लेख छ । तर, मन्त्रिपरिषद्ले ऐनभन्दा माथि रहेर छुट्टै कार्यविधि बनाई पूर्वविशिष्ट व्यक्तिहरूलाई उपचारका नाममा करोडौं रूपैयाँ बाँड्दै आएको थियो ।

यसविरुद्ध चम्लागाईंसमेतले दायर गरेको रिटमा कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्लसहित न्यायाधीशहरू कुमार रेग्मी, डा. मनोजकुमार शर्मा, सारंगा सुवेदी र अब्दुल अजीज मुसलमानको इजलासले उपचारको उक्त कानुनी व्यवस्था खारेज हुने फैसला सुनाएको हो । यो फैसलासँगै अब स्वदेशमै उपचार सम्भव हुँदाहुँदै राज्यकोषबाट रकम लिएर विदेश जाने पूर्वविशिष्टहरूको प्रवृत्तिमा कानुनीरूपमै पूर्णविराम लागेको छ ।

प्रधानन्त्री कार्यालयका अनुसार विदेशमा उपचार गराएर सबैभन्दा बढी खर्च लिने पूर्वप्रधानमन्त्री केपी शर्मा ओली हुन् । प्रधानमन्त्री कार्यालयका अनुसार हालसम्म दुई करोड ४२ लाख रूपैयाँ विदेशमा उपचार गराएबापतको खर्च राज्यकोषबाट लिएका छन् । पूर्वराष्ट्रपति डा. रामवरण यादवले अमेरिकामा पटक-पटक उपचार गराएबापत दुई करोड पाँच लाख, राष्ट्रपति रामचन्द्र पौडेलले भारतमा उपचार गरेबापत ५५ लाख रूपैयाँ भुक्तानी लिएका छन् । पूर्वप्रधानमन्त्री झलनाथ खनालले पनि विदेशमा उपचार गर्दा लागेको खर्चबापत ५० लाख ८२ हजार रूपैयाँ लगेका छन् ।

कानुन बन्नुअघि नै पूर्वप्रधानमन्त्रीहरू सुशील कोइरालाले एक करोड ८७ लाख र तुलसी गिरीले २० लाख रूपैयाँ भुक्तानी लिएका थिए । पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले पाँच लाख रूपैयाँ लगेको तथ्यांक छ ।

पूर्वउपप्रधानमन्त्री सुजाता कोइरालाले ५० लाख रूपैयाँ, पूर्वउपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठले ३८ लाख, पूर्वगृहमन्त्री गोविन्दराज जोशीले २७ लाख ८० हजार, दिवंगत खुमबहादुर खड्काले २० लाख, पूर्वगृहराज्यमन्त्री देवेन्द्रराज कँडेलले १५ लाख ८४ हजार, महेन्द्र राय यादवले १५ लाख, पूर्वउपराष्ट्रपति परमानन्द झाले नौ लाख ३० हजार र पूर्वपरराष्ट्रमन्त्री चक्रप्रसाद बाँस्तोलाले ५० लाख उपचार खर्च राज्यकोषबाट लिएका थिए ।

**मोटरसाइकल हराएको सूचना**

मिति २०८३।०१।११ गते का.जि.ता.न.पा. वडा नं.०७ फुटुङ स्थित पार्किङ गरी राखिएको अवस्थामा कालो, रातो रङ्को पल्सर १५० सि.सि. मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

सवारी धनीको नाम : हुलास फिन सर्भ हायर पर्चेज
बाइक नं. : बा.प्र. ०२- ०५७ प ५९४९
च्यासिस नं. : MD2A11CX7SPA 68383
इन्जिन नं. : DHXPSA 54131
ठेगाना : काठमाडौं
सम्पर्क नं. : ९८५१३५४०७९

**मोटर साइकल हराएको सूचना !**

मिति २०८२।१२।३० गते दिउँसो १:३० बजे चन्द्रागिरि नगरपालिका वडा नं.१२ चुनदेवीमा पार्किङ गरिराखेको पि.एण्ड पि. अटो प्रालिको २२० सी.सी.को कालो रातो रंगको पल्सर (बजाज) को मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

कम्पनीको नाम : पि. एण्ड पि. अटो प्रा.लि.
सवारी धनीको नाम : सन्देश खड्का
बाइक नं. : बा.प्र. ०२-०५१ प ३४३९
च्यासिस नं. : MDZA13EX7RCB 80837
इन्जिन नं. : DKXCRB 18154
ठेगाना : चन्द्रागिरि न.पा.१, काठमाडौं
सम्पर्क नं. : ९८६१५५४३२०, केदार सापकोटा (९७६३३७१४१९)



# दुई दिनपछि खुल्यो अवरुद्ध बिपी राजमार्ग



**काभ्रेपलाञ्चोक–** शनिबारको वर्षापछि रोशी खोलाको बाढीका कारण अवरुद्ध बिपी राजमार्ग दुई दिनपछि खुलेको छ । रोशी खोलामा अस्थायी डाइभर्सन बनाएर सोमबार दिउँसो ३ बजेदेखि आवागमन गराइएको डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ ।

आइतबार दिनभर डाइभर्सनको काम गरे पनि आइतबार अपराह्नको वर्षाले केही स्थानको डाइभर्सनमा पुनः क्षति पुर्‍याएपछि आइतबार साँझ आगावमन सञ्चालन गर्न नसकिएको कार्यालयका प्रमुख सिनियर डिभिजनल इञ्जिनियर सुमन योगेशले बताए । उनका अनुसार सोमबार बिहानदेखि पुनः डाइभर्सन बनाइ दिउँसो ३ बजेदेखि आवागमन नियमित गराइएको हो ।

वर्षाले राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको रोशी क्षेत्रमा करिब चार किलोमिटर डाइभर्सन बगाएको थियो । कार्यालयका अनुसार उक्त क्षेत्रको आठ स्थानको बाट डाइभर्सन बनाइ आवागमन गराइएको हो । आइतबार नै सात स्थानको डाइभर्सन बनाएपछि चारसयबेंसी भन्ने स्थानमा डाइभर्सन बनाउने क्रममा बर्षा भएपछि थप काम रोकाइएको थियो ।

शनिबार दिउँसो वर्षा सुरु भएलगत्तै जोखिमलाई मध्यनजर गर्दै जिल्लास्थित सुरक्षा निकायले उक्त राजमार्गमा ३:३० बजेदेखि आवागमन बन्द गराएको थियो । जिल्ला प्रहरी कार्यालय धुलिखेलले उक्त राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको नमोबुद्धस्थित कटुञ्जेदेखि रोशीको मंगलटार सडकखण्ड वर्षाका कारण रोशी खोलामा ठूलो बाढी आएकाले सम्भावित जोखिम नहोस् भन्ने हेतुले बन्द गराएको हो ।

गत चैत तेस्रो साता पनि सोही क्षेत्रको विभिन्न स्थानको चार किलोमिटर बगाएपछि पुनःअस्थायी डाइभर्सन निर्माण गरिएको थियो । गत सालको बाढीपहिरोले रागमार्गको चौकीडाँडा, रोशी तथा सिन्धुलीको नेपालथोक क्षेत्रमा १८ किलोमिटर सडक बगाएपछि खोलामै डाइभर्सन निर्माण गरी आवागमन भइरहेको थियो । हाल उक्त क्षेत्रमा स्थायी सडक निर्माण भइरहेको कार्यालयले जनाएको छ ।

राजमार्ग अवरुद्ध भएपछि सवारीसाधनलाई राजमार्गको प्रवेशमार्ग धुलिखेल तथा काभ्रेभञ्ज्याङ र मंगलटार तथा सिन्धुलीको नेपालथोकमा 'होल्ड' गराइएको थियो । कतिपय साना सवारीसाधनलाई तेमाल गाउँपालिकाहुँदै वैकल्पिक मार्गबाट नमोबुद्ध नगरको भकुण्डेसम्म ल्याइएको थियो । *रासस*

# बालबालिकाका पोषणको अवस्था पत्ता लगाउन 'राष्ट्रिय पोषण लेखाजोखा अभियान'

**काठमाडौं (प्रस)–** सरकारले देशभरिका बालबालिकाको पोषणको अवस्था पत्ता लगाउन 'राष्ट्रिय पोषण लेखाजोखा अभियान' सञ्चालन गर्ने भएको छ ।

स्वास्थ्य सेवा विभागको पोषण शाखा प्रमुख लिलाविक्रम थापाले बालबालिकाको उचाई र तौल नापेर पोषणको अवस्था पत्ता लगाउन उक्त अभियान सुरु गरिने बताए । छ महिनादेखि ५९ महिनासम्मका करिब २२ लाख बालबालिकाहरूको पोषण अवस्था जाँच गरी शीघ्र कुपोषणको समयमै पहिचान र उपचार गर्ने अभियान सञ्चालन गरिने उनको भनाइ छ । अभियान यही वैशाख १५ देखि ३० गतेसम्म सञ्चालन हुने छ ।

यस अभियानअन्तर्गत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका वा नजिकैको स्वास्थ्य संस्थामार्फत बालबालिकाको पाखुराको मध्य भागको घेरा नापेर पोषणको स्थिति पत्ता लगाइन्छ र कुपोषण देखिएका बालबालिकालाई बहिरंग उपचार केन्द्र मार्फत 'तयारी उपचारात्मक खाना' निःशुल्क उपलब्ध गराइन्छ । अभियान स्वास्थ्य संस्था तथा खोप केन्द्रहरू, सामुदायिक क्लिनिक, वडा कार्यालय, सामुदायिक भवन तथा प्रारम्भिक बाल विकास केन्द्रमा सञ्चालन हुने छ ।

शाखा प्रमुख थापाका अनुसार बच्चामा मध्यम शीघ्र कुपोषण र कडाशीघ्र कुपोषण रहेका छन् । मध्यमशीघ्र कुपोषण ३० देखि ४० प्रतिशत र कडाशीघ्र कुपोषण एक प्रतिशत बालबालिकामा रहेका छन् । मध्यमशीघ्र कुपोषण भएका बालबालिका दुब्लाउने, उमेरअनुसार तौल नहुने, लुरे तथा कडाशीघ्र कुपोषण बालबालिका ख्याउटे, करङ देखिने खालको हुने गर्दछन् ।

# ल्हासास्थित महावाणिज्य दूतावासमा भृकुटीको प्रतिमा अनावरण

**काठमाडौं (प्रस)–** चीनको ल्हासास्थित नेपाली महावाणिज्य दूतावासमा राष्ट्रिय विभूति भृकुटीको अर्धकदको प्रतिमा अनावरण गरिएको छ ।

गत शनिबार त्यहाँ आयोजित एक कार्यक्रमकाबीच प्रतिमाको अनावरण गरिएको महावाणिज्य दूतावास कार्यालयले जनाएको छ ।

प्रतिमा अनावरण गर्दै महावाणिज्यदूत लक्ष्मीप्रसाद निरौलाले सातौं शताब्दीमा तत्कालीन तिब्बती राजा स्रङ्चङ् गम्पोसँग विवाह गरेकी राजकुमारी भृकुटीले नेपाल-चीन सम्बन्ध स्थापना तथा सुदृढीकरणमा महत्त्वपूर्ण योगदान पुर्‍याएको उल्लेख गरे । राजकुमारी भृकुटीले चीनमा बौद्ध धर्मको स्थापना र प्रचारप्रसारमा समेत उल्लेखनीय भूमिका खेलेको र ल्हासाको योजनाबद्ध विकासमा योगदान दिएको उनको भनाइ थियो ।

कार्यक्रममा नेपाली दुःख निवारण कल्याण कोषका अध्यक्ष कुञ्जो धार्के नेपाली, जेभी फाउण्डेसन नेपालका पदाधिकारीलगायतले आफ्नो धारणा राखेका थिए । कार्यक्रममा ल्हासास्थित नेपाली समुदायको उल्लेख्य उपस्थिति रहेको जनाइएको छ । त्यस अवसरमा प्रतिमा उपलब्ध गराउने संस्थाका पदाधिकारी, ल्हासासम्म प्रतिमा ल्याउन तथा महावाणिज्य दूतावासमा स्थापना गर्न सहयोग गर्ने नेपाली दुःख निवारण कल्याण कोषलगायत संस्थाका प्रतिनिधिलाई प्रशंसापत्र प्रदान गरिएको जनाइएको छ ।

उक्त प्रतिमा जेभी फाउण्डेसन नेपालको सौजन्यमा प्राप्त भएको र यसअघि फाउण्डेसनका केन्द्रीय अध्यक्ष जगदीश वैद्यले परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राईलाई काठमाडौंमा हस्तान्तरण गर्नुभएको महावाणिज्य दूतावासले जनाएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**विशेष दर्ता खारेज सम्बन्धी १ दिने सूचना**

यस कार्यालयमा मितिः २०७५/११/१५ मा दर्ता भएको प्रा.लि.नं. २०९७३२ को **सेभेन होराइजन एजुकेशन फाउडेशन प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०१/१० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ क बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम बिक्री वितरण सम्बन्धि सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८३/०१/१५

यस महामण्डल डाँडा सा.व.उ.स., कमलामाई न.पा. १, सिन्धुलीबाट आ.व. २०८२/०८३ मा उत्पादन भई अम्बास चौर, कमलामाई न.पा. १, सिन्धुलीमा घाटगद्दि गरी राखिएको विभिन्न लटको साल जातको गोलिया थान २३० को २३३७.०० क्यू.फि. गोलिया काठ र ४.०० चट्टा दाउरा व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री महामण्डल डाँडा सा.व.उ.स., कमलामाई न.पा.- १, सिन्धुली**

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७२/१२/२४ मा दर्ता भएको **प्रा.लि. नं. १४७६२६/०७२/०७३** को **डि.एम.सि. ट्रेडिङ प्रा.लि.** को मिति २०८२/१२/३० गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः सन्दिप कुमार शाही, इजाजत पत्र नं. ६५२, ठेगाना :त्रिपुरेश्वर, काठमाडौं**

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६९/०६/०१ मा दर्ता भएको **प्रा.लि. नं. ९७३४३/०६८/०६९** को **पान प्यासिफिक ट्रेडिङ्ग प्रा.लि.** को मिति २०८२/१२/३० गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः सन्दिप कुमार शाही, इजाजत पत्र नं. ६५२, ठेगाना :त्रिपुरेश्वर, काठमाडौं**

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६३/०९/०१ मा दर्ता भएको **प्रा.लि. नं. ४३०५८/०६३/०६४** को **स्टडी स्कुल प्रा.लि.** को मिति २०८३/१२/१४ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४**
**ठेगाना :त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

## RELIANCE FINANCE LIMITED
## रिलायन्स फाइनान्स लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

**Head Office:**
Reliance Bhawan, Kamaladi, Kathmandu
Tel: +977-1-5361104, 5323117, 5361041, 5361167, 5903698
Email: info@reliancenepal.com.np
Web: www.reliancenepal.com.np

**Unaudited Financial Result(Quarterly) Third Quarter End of Fiscal Year 2082/083**

(NRs. 000)

### Statement of Financial Position As on Quarter Ended 30th Chaitra 2082

| Particulars | This Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| **Assets** | | |
| Cash and cash equivalent | 244,550 | 313,792 |
| Due from Nepal Rastra Bank | 444,515 | 334,495 |
| Placement with Bank and Financial Institutions | - | - |
| Derivative financial instruments | - | - |
| Other trading assets | - | - |
| Loan and advances to B/FIs | 5,154 | 69,336 |
| Loans and advances to customers | 7,943,256 | 6,777,029 |
| Investment securities | 2,159,198 | 1,919,756 |
| Current tax assets | 18,633 | 22,759 |
| Investment in subsidiaries | - | - |
| Investment in associates | - | - |
| Investment property | 314,179 | 210,598 |
| Property and equipment | 311,055 | 307,738 |
| Goodwill and Intangible assets | 2,617 | 1,093 |
| Deferred tax assets | - | - |
| Other assets | 60,990 | 70,603 |
| **Total Assets** | **11,504,147** | **10,027,198** |
| **Liabilities** | | - |
| Due to Bank and Financial Instituions | 141,689 | 250,509 |
| Due to Nepal Rastra Bank | - | - |
| Derivative financial instruments | - | - |
| Deposits from customers | 9,954,198 | 8,388,003 |
| Borrowing | - | - |
| Current Tax Liabilities | | - |
| Provisions | - | - |
| Deferred tax liabilities | 5,935 | 5,384 |
| Other liabilities | 103,663 | 123,828 |
| Debt securities issued | - | - |
| Subordinated Liabilities | - | - |
| **Total Liabilities** | **10,205,485** | **8,767,724** |
| **Equity** | | |
| Share capital | 1,121,452 | 1,121,452 |
| Share premium | 1,141 | 1,141 |
| Retained earnings | (242,066) | (183,245) |
| Reserves | 418,135 | 320,126 |
| **Total equity attributable to equity holders** | **1,298,662** | **1,259,474** |
| Non-controlling interest | - | - |
| **Total equity** | **1,298,662** | **1,259,474** |
| **Total Liabilities and equity** | **11,504,147** | **10,027,198** |

### Condensed Statement of Profit or Loss As on Quarter Ended 30th Chaitra 2082

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter Ending | Upto This Quarter (YTD) | This Quarter Ending | Upto This Quarter (YTD) |
| Interest income | 227,384 | 597,327 | 193,013 | 573,737 |
| Interest expenses | 124,564 | 373,993 | 127,036 | 440,236 |
| **Net interest income** | **102,820** | **223,334** | **65,977** | **133,500** |
| Fee and commission income | 20,836 | 47,580 | 11,638 | 36,206 |
| Fee and commission expenses | - | - | - | - |
| **Net fee and commission income** | **20,836** | **47,580** | **11,638** | **36,206** |
| **Net interest, fee and commission income** | **123,656** | **270,914** | **77,614** | **169,706** |
| Net trading income | - | - | - | - |
| Other operating income | 2,678 | 16,381 | 189 | 5,071 |
| **Total operating income** | **126,334** | **287,295** | **77,803** | **174,776** |
| Impairment charge/(reversal) for loans and other losses | 21,213 | 83,266 | 88,616 | 208,670 |
| **Net operating income** | **105,122** | **204,029** | **(10,813)** | **(33,893)** |
| **Operating expenses** | | | - | - |
| Personnel expenses | 32,904 | 90,062 | 25,877 | 83,301 |
| Other operating expenses | 16,957 | 49,850 | 14,606 | 46,580 |
| Depreciation & Amortisation | 3,577 | 9,973 | 3,675 | 10,937 |
| **Operating Profit** | **51,683** | **54,144** | **(54,972)** | **(174,711)** |
| Non operating income | - | - | - | - |
| Non operating expenses | - | - | - | - |
| **Profit before income tax** | **51,683** | **54,144** | **(54,972)** | **(174,711)** |
| Income tax expenses | | | - | - |
| Current Tax | 15,505 | 16,243 | | - |
| Deferred Tax | - | - | - | - |
| **Profit for the period** | **36,178** | **37,901** | **(54,972)** | **(174,711)** |

### Condensed Statement of comprehensive income

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter Ending | Upto This Quarter (YTD) | This Quarter Ending | Upto This Quarter (YTD) |
| Profit for the year | 36,178 | 37,901 | (54,972) | (174,711) |
| Other comprehensive income | 6,163 | 1,287 | 7,678 | 9,113 |
| **Total comprehensive income for the period** | **42,341** | **39,188** | **(47,294)** | **(165,598)** |
| Basic earnings per share(Annualized) | | 4.51 | | (20.77) |
| Diluted earnings per share | | | | |
| **Profit attributable to:** | | | | |
| Equity-Holders of the Bank | 36,178 | 37,901 | (54,972) | (174,711) |
| Non-Controlling Interest | | | | |
| **Total** | **36,178** | **37,901** | **(54,972)** | **(174,711)** |

### Ratios as per NRB Directive

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter Ending | Upto This Quarter (YTD) | This Quarter Ending | Upto This Quarter (YTD) |
| Capital Fund to RWA | | 13.65% | | 10.29% |
| Tier 1 Capital To RWA | | 10.95% | | 8.78% |
| Non-Performing Loan (NPL) to Total Loan | | 10.34% | | 16.08% |
| Total Loan Loss Provision to Total NPL | | 58.52% | | 55.68% |
| Cost of Funds | | 5.14% | | 6.00% |
| Credit to Deposit Ratio | | 81.84% | | 81.74% |
| Base Rate | | 7.36% | | 8.44% |
| Interest Rate Spread | | 4.28% | | 4.58% |

### Statement of Distributable Profit or Loss

| Particulars | Current Year |
|---|---|
| Net profit or (loss)as per statement of profit or loss | 37,901 |
| Appropriations: | - |
| a. General reserve | (7,580) |
| b. Foreign exchange fluctuation fund | - |
| c. Capital redemption reserve | - |
| d. Corporate social responsibility fund | 1,328 |
| e. Employee' training fund | (1,717) |
| F. Other | - |
| **Profit or (loss) before regulatory adjustment** | **29,932** |
| Regulatory adjustment: | |
| Transfer to regulatory reserve | |
| Transfer from regulatory reserve | (88,753) |
| **Net profit/(loss) for the quarter ended on Chaitra 2082 available for distribution** | **(58,821)** |
| **Opening Retained Earnings on Shrawan 1 2082** | **(183,245)** |
| Adjustments | |
| Distribution | |
| **Total Distributable Profit/(Loss) as on Chaitra end 2082** | **(242,066)** |

**Notes:**
1. The above figures are subject to review/change from regulator and/or external audit.
2. Above Financial are prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) as per NRB Directive. Interest income on financial assets measured at amortized cost within the context of NFRS-9 ECL guidelines has been recognized in accordance with the Guidance Note on interest income Recognition, 2025 dated 2082/04/11 issued by NRB.
3. The figures of previous periods have been regrouped/rearranged whenever necessary.
4. If the stautory and supervising authority notifies to change the unaudited Financial statement may change accordingly.
5. Personnel expenses includedes staff bonus as per the bonus Act 2030.
6. Loan loss provision and interest income are adjusted availing the facilities of NRB circular.
7. Interim financial statements have been pulished in website.
8. Certain parts of NFRS will be compiled on preparation of annual financial statements.

**Annexure 14 of Securities Registration and Issue Regulations, 2073 (Related to sub rule (1) of Rule 26) For the Third Quarter of F.Y.2082/83)**

1. **Financial Statements Highlights**
   i. Financial detail at the end of Third quarter ending 30/12/2082 of the financial year 2082/83 has been shown above.
   ii. Major Financial Indicators

| | | | |
|---|---|---|---|
| Earnings per share (Annualized) | NPR.4.51 | Market Value Per Share | NPR 455.5 |
| Price Earnings Ratio | 101.08 | Net Worth Per Share | 115.80 |
| Total Assets/No. of share | 1025.83 | Liquidity Ratio | 25.47 |

2. **Management Analysis**
   a. **Details relating to the change in the FI's reverse income and liquidity in the quarter (if any) and its main reason.** There has been change in the FI's reserve position, income and liquidity as stated in the financial highlight of in this quarter ending of FY 2082-83.There have been changes in the reserve position of the FI based on the profit/loss generated during the reported period. The FI continues to maintain comfortable liquidity position.
   b. **Management's analytical details regarding future business plan:** FI's seeks to achieve sustainable growth in business and profitability as per its strategic management plan.
   c. **Analytical details of the incidents that may have major impact on reserve, profit or cash flow (if any) based on previous experience:** There have been no incidents or conditions which may have impact on the FI's position, profits and cash flow.

3. **Legal Proceedings**
   a. **Case filed by or against the FI in this quarter:** Except in the regular course of business, there is no law suits filed against the FI in this quarter.
   b. **Case relating to disobedience of prevailing law or commission of criminal offence filed by or against the promoter or Director of the FI:** No such information has been received.
   c. **Case relating to commission of financial crime filed against any promoter or Director of the FI:** No such information has been received.

4. **Analysis of Stock Performance**
   a. **Management view on the transaction of the shares to the FI in the Share Market:** : Movements in the share price are determined by the open market principal. Hence, management has neutral opinion regarding the share price movement.
   b. **Maximum, minimum and last share price of organized institution including total transacted number of share and transacted day during the quarter. (As per Nepalstock.com)**

| | | | |
|---|---|---|---|
| Maximum share price | NPR 508 | Minimum share price | NPR 425 |
| Closing share price | NPR 455.50 | Total no. of transactions | 11,162 |
| No. of days of transaction | 53 days | Total traded no. of share | 19,75,634 |

5. **Problem and Challenges**
   **Internal Problems and Challenges:** Increasing operational risk due to increase in branch network and transactions, increasing operational cost, turnover of staffs are the major internal problems and challenges faced by the FI.
   **External Problems and Challenges:** High competition in the BFI's industry, volatile interest rate on deposit, lack of favorable environment for the investment are the major external problems and challenges faced by the FI.
   **Strategy to overcome the problems and challenges:** Expanding business activities with caution observing the changes in internal and external environment, effective risk management, monitoring and controlling on operational risk, market risk and interest rate risk, focus on development of staffs by training, counseling and monitoring them, innovative product for expanding customer base.

6. **Corporate Governance**
   Board of Directors, Audit Committee and Management team are committed to strengthening good corporate governance within the FI. Reliance Finance Ltd has written policies, rules and guidelines to perform banking with good governance.

7. **CEO's declaration regarding truth and fairness**
   I am responsible for the truth and fairness of the information and statements in this report till date. Besides, I declare that, to the extent of my knowledge, the statements are true and fair and any information necessary for investors to decisions has not been suppressed.

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### विशिष्टको उपचार: कानुनको लगाम र विधिको शासन

**नेपालको राजनीतिमा 'विशिष्ट' हुनुको अर्थ अक्सर कानुन र पद्धतिभन्दा माथि हुनु भन्ने बुझिने गरिन्थ्यो । विशेषगरी स्वास्थ्य उपचारका नाममा राज्यकोषबाट करोडौं रूपैयाँ लिएर विदेश सयर गर्ने प्रवृत्तिले एकातिर राज्यको ढुकुटी रित्याइरहेको थियो भने अर्कोतिर देशको स्वास्थ्य प्रणालीमाथि नै उपहास गरिरहेको थियो । यसै सन्दर्भमा सर्वोच्च अदालतको संवैधानिक इजलासले पूर्वपदाधिकारीहरूलाई विदेशमा उपचार गराउँदा लागेको खर्च सरकारले व्यहोर्ने नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी कार्यविधि, २०७३ को दफा १२ (१) को व्यवस्था खारेज गरिदिएको छ, जसले पूर्वविशिष्टहरूलाई विदेशमा उपचार गराउँदा सरकारी ढुकुटीबाट रकम दिलाउने गर्थ्यो । यो फैसला केवल एउटा कानुनी आदेशमात्र नभई विधिको शासन र सामाजिक न्यायका पक्षमा चालिएको एउटा क्रान्तिकारी कदम हो ।**

**जनस्वास्थ्य ऐन, २०७५ को दफा ३० ले स्पष्टरूपमा कुनै पनि व्यक्तिलाई विदेशमा उपचार गर्नुपर्ने भएमा सरकारले खर्च नव्यहोर्ने घोषणा गरेको थियो । तर, विडम्बना ऐन बनाउनेहरू नै ऐनभन्दा माथि रहन खोजे । मन्त्रिपरिषद्ले ऐनसँग बाझिनेगरी कार्यविधि संशोधन गर्दै पूर्वराष्ट्रपति, पूर्वप्रधानमन्त्रीदेखि पूर्वसांसदसम्मलाई उपचार खर्च बाँड्ने बाटो खोलिदिएको थियो । सर्वोच्चले अहिले यही 'ऐन मिच्ने' प्रवृत्तिमाथि अंकुश लगाएको छ ।**

**तथ्यांक हेर्ने हो भने पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले दुई करोड ४२ लाख, पूर्वराष्ट्रपति डा. रामवरण यादवले दुई करोड पाँच लाख र वर्तमान राष्ट्रपति रामचन्द्र पौडेलले ५५ लाख रूपैयाँसम्म राज्यकोषबाट लिएको देखिन्छ । यो सूची निकै लामो छ, जसले सामान्य नागरिकको करबाट संकलित रकम कसरी शक्ति हुनेहरूको विलासिता र स्वास्थ्यका लागि खर्च भइरहेको छ भन्ने छर्लंग पार्छ ।**

**यस फैसलाका बहुआयामिक सकारात्मक प्रभावहरू छन् । पहिलो, यसले 'सबै नागरिक कानुनको नजरमा समान छन्' भन्ने संवैधानिक मर्मलाई पुनःस्थापित गरेको छ । सामान्य नागरिकले सिटामोल नपाएर ज्यान गुमाउनुपर्ने अवस्थामा शासकहरूले भने सामान्य उपचारका लागि पनि विदेश ताक्ने र त्यसको भार जनतालाई बोकाउने अनैतिक परम्पराको अन्त्य भएको छ । दोस्रो, अब विशिष्ट व्यक्तिहरूले पनि स्वदेशी अस्पतालमै उपचार गर्नुपर्ने बाध्यता सिर्जना भएपछि देशको स्वास्थ्य पूर्वाधार सुधारमा राजनीतिक इच्छाशक्ति बढ्ने अपेक्षा गर्न सकिन्छ । जबसम्म देशका उच्च पदस्थ व्यक्तिहरूले वीर अस्पताल वा शिक्षण अस्पताल जस्ता सरकारी संस्थामा विश्वास गर्दैनन्, तबसम्म ती संस्थाको गुणस्तर सुध्रिने सम्भावना न्यून रहन्छ ।**

**सर्वोच्चको यो आदेशले सरकारलाई नैतिक दबाब पनि दिएको छ । अब सरकारले कार्यविधिको चोरबाटो प्रयोग गरेर आफ्ना निकटका व्यक्तिहरूलाई पोस्ने काम बन्द गर्नुपर्छ । सरकारी ढुकुटी कुनै व्यक्तिको पेवा होइन, यो आमजनताको रगत–पसिनाको कमाइ हो । स्वदेशमै उपचार सम्भव भएका रोगका लागि पनि विदेश जाने र राज्यलाई आर्थिक भार पार्ने प्रवृत्तिमा लागेको यो कानुनी पूर्णविराम स्वागतयोग्य छ । अबको आवश्यकता भनेको स्वास्थ्य क्षेत्रको बजेट वृद्धि गरी सरकारी अस्पतालहरूलाई सक्षम बनाउनु हो, जहाँ पूर्वविशिष्टमात्र होइन, आमनागरिकले पनि विश्वस्तरीय सेवा सुलभ रूपमा पाउन सकून् । अदालतले बाटो देखाइदिएको छ, अब यसलाई कार्यान्वयन गर्ने दृढता सरकारले देखाउनुपर्छ ।**

# राष्ट्रिय पुस्तक नीतिको अपरिहार्यता



❑ महेन्द्रप्रकाश सिवाकोटी

पुस्तक कुनै पनि राष्ट्रको बौद्धिक, शैक्षिक, सांस्कृतिक र सामाजिक विकासको आधार हो । ज्ञान, सूचना, अनुसन्धान, सिर्जना र सभ्यताको संरक्षणमा पुस्तकको महत्त्वपूर्ण भूमिका हुन्छ । नेपालमा पुस्तक क्षेत्र अझै व्यवस्थित हुन सकेको छैन । लेखकका हकअधिकार, प्रकाशनको गुणस्तर, वितरण प्रणाली, पुस्तकालयको अवस्था तथा पाठक विस्तारका क्षेत्रमा चुनौती छन् । पुस्तक क्षेत्रलाई व्यवस्थित, समृद्ध र प्रभावकारी बनाउन पुस्तक नीतिको आवश्यकता पर्दछ । पुस्तक नीतिले पुस्तक लेखन, प्रकाशन, वितरण, अध्ययन संस्कृतिको विकास तथा पुस्तकालय व्यवस्थापनका लागि राज्यले तय गर्ने स्पष्ट योजना र मार्गदर्शनलाई बुझाउँछ । नेपालजस्तो बहुभाषिक र बहुसांस्कृतिक देशमा नेपाली भाषासँगै मातृभाषाका पुस्तक प्रकाशनलाई प्रोत्साहन दिन पनि पुस्तक नीति आवश्यक छ । यसले भाषा, साहित्य र संस्कृतिको संरक्षण गर्नुको साथै लोपोन्मुख भाषा र संस्कृतिको संरक्षणमा योगदान पुर्‍याउँछ ।

हरेक वर्ष अप्रिल २३ मा मनाइने विश्व पुस्तक दिवसले पनि विश्वभर पुस्तकको महत्त्व उजागर गर्न, पढ्ने बानीको विकास गर्न र लेखक तथा साहित्यकारलाई सम्मान गर्न खोजेको छ । सन् १९९५ मा युनेस्कोले यो दिवसको घोषणा गरेसँगै विश्वमा पुस्तक ज्ञानको प्रमुख स्रोत हो, यसले सोच्ने क्षमता र सिर्जनशीलता बढाउँछ एवं संस्कार, शिक्षा र सभ्यताको विकासमा पुस्तकको ठूलो भूमिका हुन्छ भन्ने तथ्यलाई आत्मसात् गरेको छ । नयाँ पुस्तामा पठन संस्कृतिको विकास गर्न पुस्तक नीति आवश्यक छ । आजकल 'डिजिटल' माध्यमको विस्तारसँगै पुस्तक पढ्ने बानी घट्दै गएको चिन्ता छ ।

नेपालका लागि अत्यावश्यक राष्ट्रिय पुस्तक नीति बनाउने प्रक्रियाको सुरुआत २०६५ सालबाट भएको थियो तर विभिन्न अवरोध र चुनौतीको कारण त्यो समयमा काम अघि बढ्न सकेन । २०६९ सालमा पुनः राष्ट्रिय पुस्तक नीति मस्यौदा कार्यदल गठन गरेर यस विषयमा थप गम्भीरता अपनाइएको थियो । त्यो कार्यदलले राष्ट्रिय पुस्तक नीति २०६९ को मस्यौदा तयार गरी तत्कालीन शिक्षामन्त्रीलाई बुझाएको थियो, जसमा पुस्तकहरूको गुणस्तर, वितरण, पहुँच र अन्य महत्त्वपूर्ण पक्षहरूलाई ध्यानमा राखिएको थियो । यसले नेपालको शिक्षा क्षेत्रको सुधार र पुस्तक बजारको व्यवस्थित विकासका लागि एउटा मजबुत आधार तयार गर्न प्रयास गरिरहेको थियो । तर, उक्त नीति पनि विभिन्न कारणहरूले गर्दा जारी हुन सकेन ।

नीति बनाउनकै लागि, तेस्रोपटक २०७२ फागुन ३० गते तत्कालीन शिक्षामन्त्रीको अध्यक्षतामा राष्ट्रिय पुस्तक नीति मस्यौदा तर्जुमा कार्यदल गठन गरियो । यो कार्यदलले काम गरिरहेको अवस्थामा पुस्तक माफियाहरूको कारण कार्यदललाई काम गर्न दिइएन । त्यसपछि, राष्ट्रिय पुस्तक नीति २०७३ को मस्यौदा निर्माणका क्रममा पुस्तक तथा शिक्षा क्षेत्रका दर्जनौं संघसंस्था, २०० भन्दा बढी शिक्षा क्षेत्रका बुद्धिजीवीहरूको संलग्नतामा नौ महिनाको गहन अध्ययन, सल्लाह र सुझाव लिएर पुस्तक नीति २०७३ को प्रारूप तयार गरिएको थियो । सो पुस्तक नीतिको प्रारूप तयार भएपछि, फेरि पनि देशैभरिबाट शिक्षा तथा पुस्तक क्षेत्रमा संलग्न व्यक्तित्वहरूबाट सुझाव मागिएको थियो र सो सुझावहरूलाई समेत उक्त दस्तावेजमा समावेश गरी राष्ट्रिय पुस्तक नीति २०७३ को मस्यौदा तयार पारिएको थियो ।

> “ राष्ट्रिय पुस्तक नीति जारी नगर्नु भनेको वास्तवमै देशको शैक्षिक, सांस्कृतिक र व्यावहारिक ज्ञान तथा आउँदा पुस्ताहरूको भविष्यमाथि गम्भीर प्रहार गर्नु हो । यस्तो कार्यले पुस्तक उद्योगलाई पूर्णतया नियन्त्रण गर्ने माफिया समूहको आर्थिक प्रभुत्व झन् बलियो बनाउने छ, जसले शिक्षाको गुणस्तरमा गम्भीर गिरावट ल्याउने खतरा पैदा गर्दछ । वास्तवमा पुस्तक नीतिले शिक्षा क्षेत्रमा पारदर्शिता, पहुँच र गुणस्तर सुनिश्चित गर्दै स्थानीय प्रकाशन उद्योगलाई बलियो बनाउन महत्त्वपूर्ण भूमिका खेल्न सक्नुपर्छ ।

झण्डै १० वर्षअघि राष्ट्रिय पुस्तक नीतिको मस्यौदा बने पनि त्यसलाई पारित गरी कार्यान्वयनमा ल्याउन नदिँदा अहिलेसम्म राज्यको महत्त्वपूर्ण क्षेत्र नीतिविहीन बन्न पुगेको छ । आजको डिजिटल युगमा पनि पुस्तकको महत्त्व उत्तिकै छ । त्यसैले नियमितरूपमा पुस्तक पढ्ने बानी बसाल्नु आवश्यक छ । विश्वका कतिपय देशहरूले डिजिटलको अलावा पुस्तकको माध्यमबाट अध्ययन अध्यापन गराउने अभ्यासलाई जोड दिन थालेका छन् । पुस्तकको महत्त्वलाई धेरै देशहरूमा नीतिगत व्यवस्था गरी लेखक, पाठक र प्रकाशकहरूको साझा भूमिकामा जोड दिइएको पाइन्छ ।

संयुक्त राष्ट्रसंघीय निकाय, युनेस्कोले सन् १९७२ मा विश्वका १९३ मुलुकमा राष्ट्रिय पुस्तक नीति लागू गर्दा नेपालमा पनि राष्ट्रिय पुस्तक नीति लागू गर्न खोजिएको थियो । पुस्तक नीतिका सन्दर्भमा, युनेस्कोले निर्देश गरेका ज्ञानको स्वतन्त्र र निर्वाध प्रवाहलगायत अवधारणाप्रति भने नेपालले औपचारिक सहमति जनाइसकेको अवस्था पनि छ तर, नेपालका शिक्षा क्षेत्रका माफियाहरूकै चलखेलले गर्दा हालसम्म उक्त पुस्तक नीति नेपालमा लागू गर्न सकिएको छैन । राष्ट्रिय पुस्तक नीतिले समग्र मुलुकको शिक्षा प्रणालीलाई सशक्त र संरचित बनाउने उद्देश्य राख्दछ । यदि यसलाई समयमै प्रभावकारी ढंगले कार्यान्वयन गर्न सकियो भने नेपालको पुस्तक बजार र शिक्षा प्रणालीमा अत्यन्त सकारात्मक सुधार ल्याउन सकिने छ ।

राष्ट्रिय पुस्तक नीति जारी नगर्नु भनेको वास्तवमै देशको शैक्षिक, सांस्कृतिक र व्यावहारिक ज्ञान तथा आउँदा पुस्ताहरूको भविष्यमाथि गम्भीर प्रहार गर्नु हो । यस्तो कार्यले पुस्तक उद्योगलाई पूर्णतया नियन्त्रण गर्ने माफिया समूहको आर्थिक प्रभुत्व झन् बलियो बनाउने छ, जसले शिक्षाको गुणस्तरमा गम्भीर गिरावट ल्याउने खतरा पैदा गर्दछ । वास्तवमा पुस्तक नीतिले शिक्षा क्षेत्रमा पारदर्शिता, पहुँच र गुणस्तर सुनिश्चित गर्दै स्थानीय प्रकाशन उद्योगलाई बलियो बनाउन महत्त्वपूर्ण भूमिका खेल्न सक्नुपर्छ । शिक्षाको गुणस्तर, पाठ्यक्रम सामग्रीको उपलब्धता, र प्रकाशन उद्योगको दीर्घकालीन समृद्धि सुनिश्चित गर्न, राष्ट्रिय पुस्तक नीति २०७३ को निरन्तरता कायम राख्न र यसलाई अझ सशक्त बनाउन सबै पक्ष एकजुट हुन आवश्यक छ । यस नीतिको प्रभावकारी कार्यान्वयनले नेपालको शिक्षा प्रणालीलाई गुणस्तरीय र पहुँचयोग्य बनाउने नेपाल पुस्तक संघको ठहर छ ।

मुलुकमा गुणस्तरीय शिक्षा विकास गर्न राष्ट्रिय पुस्तक नीति, रणनीति तथा कार्यनीति बन्न जरुरी हुन्छ । पुस्तकको गुणस्तर वृद्धिको सुनिश्चितता हासिल गर्न, पाठकका रुचि र आवश्यकताअनुसारका पुस्तकहरूको उत्पादन, वितरण, भण्डारण तथा पठन संस्कृतिको विकास गर्न पनि नयाँ पुस्तक नीति बन्नु आवश्यक छ । पुस्तकको प्रवर्द्धनलाई व्यवस्थित र चुस्त बनाई, आयात तथा निर्यातलाई व्यवस्थित गर्न र यी सबै क्षेत्रमा आवश्यक व्यावसायिक दक्षतासमेत हासिल गर्नका लागि नीतिले मार्गनिर्देश गर्न सक्दछ । खासगरी नयाँ पुस्तामा सामाजिक सञ्जालप्रतिको बढ्दो आकर्षणले गर्दा पुस्तक पठन संस्कृति हराउँदै जान थालेको छ । पुस्तक, पाठ्यपुस्तक, सन्दर्भ पुस्तक र विविध पुस्तकहरूलाई परिभाषित गरी मुद्रित, सांकेतिक, प्रयोगात्मक, डिजिटल वा अनलाइन पुस्तक निर्माणको आधार, लेखक र सम्पादकको योग्यता, पुस्तकको प्राज्ञिक तथा भौतिक गुणस्तरलगायत विषयलाई पनि ध्यान दिनुपर्ने समय आएको छ ।

नेपालको विद्यालयमा शिक्षाको गुणस्तर गिराउने, पुस्तक बजारलाई अस्तव्यस्त बनाउने र राष्ट्रिय ढुकुटी के-कसरी ब्रह्मलुट गर्न सकिन्छ भन्ने योजनाकार तथा माफियाहरूको गतिविधि गम्भीर चिन्ताको विषय बनिसकेको छ । कसैले थाहा नै नपाउनेगरी विस्तारै बहुपाठ्यपुस्तक लागू गर्ने अनि सरकारी विद्यालयका पाठ्यपुस्तकहरू समेत अभिभावकहरूलाई खरिद गर्न लगाउने र जनक शिक्षा सामग्रीजस्ता संस्थालाई सदाका लागि बन्द गराउन खोज्नुले कसैलाई फाइदा पुग्दैन । शिक्षा क्षेत्रको गिरावट र पुस्तक बजारको अस्तव्यस्तता कुनै पनि राष्ट्रको भविष्यमा दीर्घकालीन प्रभाव पार्न सक्छ । यसका कारण, शिक्षामा गुणस्तरको कमीमात्र होइन, जनताको अधिकारको पनि उल्लंघन हो । राष्ट्रिय पुस्तक नीति २०७३ को मस्यौदामा पनि केही परिमार्जनहरू गर्न सकिन्छ । पुस्तक नीति केवल प्रकाशन क्षेत्रको नीति होइन, यो राष्ट्रको ज्ञान, चेतना र सभ्यताको भविष्यसँग जोडिएको विषय भएकाले समृद्ध समाज निर्माणका लागि प्रभावकारी पुस्तक नीति अपरिहार्य छ ।

नेपालका आमजनतालाई शिक्षामा गुणस्तरीयता र पुस्तकको पहुँच सुनिश्चित गर्ने उद्देश्यअनुसार जनताका हक र अधिकारहरूको रक्षा गर्दै, नेपालको पुस्तक बजारलाई व्यवस्थित र पारदर्शी बनाउने मार्गप्रशस्त गर्नुपर्ने समय आएको छ । वर्तमान समयमा ई-बुक, अडियो बुक तथा डिजिटल पुस्तकालयको महत्त्व बढ्दो छ । अनलाइन प्रकाशन र डिजिटल पुस्तकको व्यवस्थापन गर्नेगरी नीति बन्नु आजको मुख्य आवश्यकता हो । रासस

*(लेखक नेपाल पुस्तक संघका महासचिव तथा राष्ट्रिय पुस्तक नीति मस्यौदा तर्जुमा कार्यदल सदस्य हुन्)*

## श्रम सरोकार

### विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

#### १) कसैको प्रलोभनमा नफसौं

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ । फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ ।

#### २) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न । स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ ।

#### ३) आफ्नो सुरक्षामा ध्यान दिऔं

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ । काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ । कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ । याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ ।

#### ४) काममा लगनशील बनौं

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ । याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ ।






✍ बैकुण्ठ भण्डारी

# म सुकुमबासी !

'ल हेरौं त कसले आएर डोजर हान्दो रैछ ? त्यसका बाउले बनाइदिएको छाप्रो हो यो ? ४० वर्षदेखि यही हुर्के र बढेको हुँ ।' पुरुषार्थ देखाउँदै बलवीरे हातको पाखुरा देखाउँदै ढोकाबाट निस्क्यो ।

'त्यसो होइन हजुर, अब हजुर ४० वर्ष बसे पनि ५० वर्ष बसे पनि यो त नदीको किनारा हो । सार्वजनिक जग्गा भएकाले यहाँबाट सबैलाई हटाएर अन्तै लगेर राख्ने भन्ने भएकाले मात्र हामी सूचना भन्दै हिँडेका,' हरियो र नीलो पोसाक लगाएका सुरक्षाकर्मी भन्दै थिए ।

'अँऽअँ... तिमीहरूले भन्दैमा निस्कन्छौं नि ! कस्ता-कस्ता आए । कतिले डोजर चलाए । कतिले हाम्रा छाप्रा भत्काए । ढुंगामुढा भयो हामी घाइते भयौं र त डराएनौं, अब किन डराउनु ?' 'उहाँ रवि दाइले सुकुमबासी बस्तीमा डोजर चले छ भने पहिलो छाती थाप्ने म हुन्छु भन्नु भाको छ चुनाउअघि । अनि म सुकुमबासी डराउनुपर्ने ? अनि अहिले हामी सरक्क सर्नु पर्ने ?'

'त्यसो होइन । हजुरले भनेको पनि ठिकै होला । तर पनि सरकारले सरकारी जग्गा संरक्षण गर्ने अनि तपाईंहरूलाई पनि यस्तो दुर्गन्धित ठाउँमा राख्नुभन्दा घरमै लगेर राख्ने पो भन्या त !' सुरक्षाकर्मी सम्झाउने कोसिस गर्दै थिए ।

बलवीरे हाँस्दै भन्न थाल्यो, 'लौ बल्ल यी पुलिसले चाल पाएछन् । हिजो अस्ति भए कुटौंला जस्तो गर्थे । जेन-जी आन्दोलनपछि गाको सातो अझै आको रैन छ !'

'अब दुईतिहाइको सरकारले आएपछि यिनीहरू हेर त यिनीहरूको अवस्था । बोलीचाली सबै फेरिएछ । त्यसै हामीले घण्टीलाई जिताका हौं र ? 'रवि दाइ हाइहाइ', 'बालेन दाइ हाइहाइ' त्यसै कहाँ भन्या हो र ? त्यही भएर पो रवि दाइले सुकुमबासीमा डोजर चल्यो भने पहिले छाती थाप्छु भन्नु भाको रैछ । जे होस् परार हामीलाई भाटा हान्नेलाई अहिले राम्रैसँग तह लगाएछन् !'

बलवीरेको कुरा सुनेर दुवै सुरक्षाकर्मी मुखामुख गर्छन् । 'हस हजुर हस्, हामी पनि हजुरहरूकै लागि खटिएका छौं नि । हजुरको सुरक्षित बसोबासका लागि भनेर नै यो ठाउँ छाडिदिनुस् भनेको । लोकतन्त्र दिवसको दिन बागमती नदी आसपासका क्षेत्रलाई सफाइ गर्ने भनेकोले हजुरहरूले पनि आफैं छाडिदिए राम्रो भन्न आका हौं । अब प्रधानमन्त्रीज्यूको 'स्टाटस' त हेर्नु भएकै होला ? नगरपालिका पनि ठूलठूलो स्वरमा स्पिकर बजाएकै छ । ल १० गते राति १२ बजेसम्म हजुरहरू नदी किनाराबाट हटिदिनुहोला है त ?'

सायद सुरक्षाकर्मीहरू यति नरम भएर बोलेको बलवीरेले अहिलेसम्म सुनेकै थिएन होला । त्यही भएर पनि उसलाई गर्व लागिरहेको छ । पहिलोपटक सुरक्षाकर्मीलाई मज्जाले थर्काए भनेर । हाँस्दै बलवीरेले भन्यो, 'लौ लौ तिमेरुले सकेको तिमीहरू गर, हामीले सके हामी गर्छौं ।' म पनि सुकुमबासी पो हुँ । बलवीरेले कसलाई पो हो कुन्नि फोन लगायो । 'होइन हो काका, के हो हामीलाई त बागमती किनाराबाट हट्नु पो भन्छन् त पुलिसहरूले के भन्यो त्यो ?

उताबाट आवाज आउँछ, 'खै केटा मलाई पनि थाहा छैन, लोकतन्त्र दिवसको अवसरमा बागमती सफाइ अभियान होला ?'

यताबाट बलवीरे बर्बराउँछ, 'त्यसो होइन के, सरसफाइ अभियान भए त हामीलाई झाडु लिएर आउनु भनिहाल्थे नि । कति नरमसँग तपाईंहरूले ठाउँ छाडिदिनुस् भनेको छ पुलिसले !'

'भैगो नि त, त्यसो भए छाडिदिए भइगो त ? किन किचकिच गर्नुपर्‍यो ? जे भन्यो त्यही मान्ने हो । सधैं त्यही बागमती किनारा बसेर निर्वाह हुन्छ ? अलि राम्रो ठाउँमा व्यवस्थित भएर बसे भैगो नि ? उताबाट आवाज आउँछ ।'

'केरे केरे ? अलि राम्रो ठाउँमा व्यवस्थित भएर बस्ने रे ? होइन तपाईंले के भन्न खोज्नु भाको ? हामी सुकुमबासीलाई ठाउँ छोड भन्नु भाको ? अहँ ! यो ठाउँ त कुनै हालतमा पनि छाडिन्न । उ बेला सब नेताहरूले तिमरुलाई यही लालपुर्जा दिउँला भनेका छन् । अहिले पनि उहाँ रवि दाइ सुकुमबासीमा डोजर चले म छाती थाप्छु भन्नु भाको छ बुझ्नु भो नि कुरो ?'

'बुझें बुझें । को-को छाति थाप्न आउँछन् हेरम्ला...,' उताबाट फोन काट्छन् ।

बलवीरे अलमल्ल पर्छ, 'सबका सब चोर ! मुखले एउटा कुरा गर्ने कामले अर्को कुरा गर्ने । अस्ति चुनाउसम्मचाहिँ यही आएर भोट माग्ने, अहिले पुलिसले हट्नु भनेको छ के गर्ने भन्दा जसोजसो भन्यो त्यसै त्यसै गर्ने रे ! क्या गज्जब कुरा छ यार ।'

बलवीरेले अरु दुई-चार जनालाई पनि फोन गर्छ । 'लौन सहयोग गर्नु पर्‍यो । हामी त बिचल्लीमा पर्ने भयौं के !'

उताबाट गज्जवको हाँसोको आवाज सुनिन्छ । 'लौ होइन होउ रामप्रसाद दाइ । सधैं म छु हो भाइ तिमीहरूका लागि भन्नुहुन्थ्यो । अहिले त बिचल्लीमा पर्ने भइयो भन्दा पनि हाँस्नु हुन्छ त ?' 'त्यही त भाइ । हिजोसम्म तिमी हाम्रा थियौं साथ र सहयोग गर्न पनि मन लाग्थ्यो । तिमीले नै भनेको होइन 'चुपचाप घण्टी छाप' भनेर ? अब त उतै घण्टीमा जाने आफ्नो गुनासो राख्ने । 'नो कमरेड, नो जय नेपाल' है भाइ 'गुडनाइट' ।'

'खै कसैले सहयोग गर्ने देखिएन ।' बलवीरे निराश बन्यो । बस्तीमा केही सुरक्षाकर्मीको सवारीसाधन माइकिङ गर्दै हिँडिरहेका छन् । 'भोलि बिहानभित्र आफूले कब्जा गरेर बसेको घर टहरा खाली गर्नुहुन अनुरोध छ । जबर्जस्ती बसेमा कानुनबमोजिम कारबाही गर्ने व्यहोरा जानकारी गराउँदछौं ।' सूचना सुनेर अझ अबाक्क भयो ।

साँझको समय केही मानिसहरू आफ्ना झोला बोकेर निस्किन थालेका छन् । बलवीरेले सोध्यो, 'होइन हो, तिमीहरू कहाँ हिँड्या छौं ?'

दायाँ काँधको भारीको झोला बायाँ सार्दै एउटाले भन्यो खै भोलि यहाँ डोजर लगाउने र सबै खाली गरिदिनू भनेर टहरोधनीले फोन गरेका थिए । त्यही भएर हामी त हिँडेको । बलवीरे अझै झसंग भयो । अर्कोले थप्यो, 'तिमीले चाहिँ क्यार्न बस्या छौं ? खुरुक्क पोकापन्तरा बोकेर हिँड ।' उनीहरू बाटो लागे ।

बस्तीमा सुरक्षाकर्मीको संख्या बढ्न थाल्यो । वरपरका टहरामा बस्नेहरू पनि फोनमा कुरा गर्दै थिए । अलाप विलापमा थिए । हामी कहाँ जाने, के गर्ने, न बस्ने ठाउँ छ न खाने ठेगान छ । हुकुमबासीहरूले भाडा लिएर बसेका सुकुमबासीलाई उर्दी जारी गरिसकेका थिए । भोलिको ठेगान छैन । कसैले सहयोग गर्ने छाँटकाँट पनि छैन आफ्नो बाटो तताउनू !

बलवीरेको बर्बराउन थाल्यो । वर्षौंदेखि हामीलाई कठपुतली बनाएर राख्यौं, आफ्नो स्वार्थ पूरा गर्‍यौं । अहिले संकटमा मौन बस्यौं ! समाजवाद, सर्वहारा सबै देखियो । आखिर म त यसै सुकुमबासी त्यसै सुकुमबासी उ बेला त्यसै भन्या रैछ र 'गरिबको चमेली बोल्दिने कोही छैन' ?



**भत्ता लिन पालो पर्खिंदै** | सुनसरीको इनरुवा नगरपालिका–१ स्थित एनआइएमबी बैंक परिसरमा सामाजिक सुरक्षाभत्ता लिन पालो पर्खिएर बसेका इनरुवा ९ र १० का ज्येष्ठ नागरिक । *तस्बिरः रासस*

# सुदूरपश्चिमको १५ प्रतिशत वन क्षेत्रमा डढेलो

**कञ्चनपुर–** सुदूरपश्चिम प्रदेशका वन क्षेत्रमा डढेलोको प्रकोप बढ्न थालेको छ । हालसम्म करिब १५ प्रतिशत वन क्षेत्र यसको चपेटामा परिसकेको छ । प्रदेश वन निर्देशनालयका निर्देशक हेमराज विष्टका अनुसार विशेषगरी चुरे क्षेत्रका वनमा डढेलोको प्रभाव अत्यधिक देखिएको छ । जसले वन संरक्षण, जैविक विविधता तथा स्थानीय समुदायको जीविकोपार्जनमा प्रत्यक्ष असर पारेको छ ।

निर्देशक विष्टले मैदानी क्षेत्रको तुलनामा चुरे क्षेत्रका वनमा डढेलो बढी लागेको बताए । उनले मैदानी क्षेत्रमा सामुदायिक वन उपभोक्ता समूह र वन कर्मचारीको सक्रियताले डढेलोलाई तुलनात्मकरूपमा सजिलै नियन्त्रण गर्न सकिने भए पनि चुरे क्षेत्रको भौगोलिक विकटता नै प्रमुख चुनौतीका रूपमा उभिएको बताए ।

‘चुरे क्षेत्र भिरालो, दुर्गम र सडक सञ्जालविहीन छ, डढेलो लागेको स्थानमा पुग्नै जोखिमपूर्ण हुन्छ, कतिपय स्थानमा पुग्नै सकिँदैन,’ उनले भने, ‘त्यसमाथि आधुनिक यन्त्र र उपकरणको अभाव छ, जसले नियन्त्रण झन् कठिन बनाएको छ ।’

वन सुरक्षाकर्मी र कर्मचारीलाई डढेलो नियन्त्रणका लागि चुरे क्षेत्रमा पैदल नै जानुपर्ने भएकाले त्यो निकै चुनौतीपूर्ण रहेको उनको भनाइ छ । यसले गर्दा सानो आगो ठूलो डढेलोमा परिणत हुने जोखिम बढ्दै गएको छ ।

उनका अनुसार डढेलो लाग्नुका कारणमा मानवीय गतिविधि प्रमुख रहेको छ । स्थानीय गोठालाले छिट्टै हरियो घाँस उमार्ने आशामा आगो लगाउने, च्याउ टिप्ने क्रममा आगो बाल्ने, खेतबारीमा गहुँका नल पोल्ने तथा नाली सरसफाइ गर्दा लगाइएको आगो वन क्षेत्रमा फैलिने कारणले डढेलो निम्त्याउने गरेको पाइन्छ ।

यसका साथै प्राकृतिक कारण र जलवायु परिवर्तनले पनि डढेलोको जोखिम बढाएको छ । विशेषगरी ‘अलनिनो’को प्रभावका कारण तापक्रम बढ्दै जाँदा वन क्षेत्रमा चिस्यान घट्ने र सुख्खापन बढ्ने हुँदा आगो सल्किने सम्भावना उच्च हुन्छ । त्यसको प्रभाव सुदूरपश्चिमका वन क्षेत्रमा पनि परेको छ ।

‘अलनिनो प्रशान्त महासागरको सतह तापक्रम असामान्य रूपमा बढ्ने जलवायु प्रणाली हो, जसले तापक्रम वृद्धि, वर्षा ढाँचामा परिवर्तन र खडेरीको अवस्था सिर्जना गर्छ’ वन निर्देशक विष्टले भने, ‘यस्तो अवस्थामा वन क्षेत्र अत्यधिक सुख्खा हुने भएकाले सानो लापरवाहीले पनि ठूलो डढेलो निम्त्याउन सक्छ । जति तापक्रम बढ्दै जान्छ, त्यति नै डढेलोको जोखिम र क्षति पनि बढ्दै जान्छ ।’

डढेलोका कारण वन्यजन्तुको बासस्थान नष्ट हुनुका साथै जडीबुटी, घाँस र काठलगायतका वन पैदावारमा ठूलो क्षति पुग्ने गरेको छ । यसले वनमा आश्रित स्थानीय समुदायको दैनिक जीवन र आयआर्जनमा प्रतिकूल प्रभाव पारेको पार्दै आएको छ ।

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको अवस्था भने विगतका वर्षको तुलनात्मक रूपमा नियन्त्रणमै रहेको छ । निकुञ्जका सहायक मुख्य संरक्षण अधिकृत विनयकुमार झाका अनुसार विगतका वर्षको तुलनामा यस वर्ष निकुञ्ज क्षेत्रमा डढेलो कम मात्रामा लागेको छ ।

निकुञ्ज प्रशासनले डढेलो नियन्त्रणका लागि पूर्वतयारीलाई प्राथमिकता दिएको जनाएको छ । सामुदायिक वन क्षेत्रमा भने जोखिम बढ्दै गएको सरोकारवालाले बताएका छन् । सामुदायिक वन समन्वय समिति कञ्चनपुरका अध्यक्ष महेशदत्त जोशीका अनुसार सामुदायिक वनका पदाधिकारी र उपभोक्ता दिगो वन व्यवस्थापन कार्यविधि छिट्टै लागू गर्नुपर्ने मागसहित केही दिनदेखि आन्दोलनमा रहेकाले वन संरक्षणमा आवश्यक ध्यान पुग्न सकेको छैन । *रासस*

# ‘गोरखामा १८ प्रतिशत आमाले गराउँदैनन् पूर्णरुपमा स्तनपान’

**गोरखा–** जिल्लामा ८२ प्रतिशत आमालेमात्र पूर्णस्तनपान (जन्मेको छ महिनासम्म आमाको दूधमात्र खुवाउने) गराउने गरेको विवरण सार्वजनिक गरिएको छ । यस्तै, प्रदेश जनस्वास्थ्य कार्यालयको तथ्यांकअनुसार जिल्लाका १८ प्रतिशत आमाहरूले शिशुलाई पूर्णस्तनपान नगराएको पाइएको हो ।

शिक्षित र आर्थिकरूपमा सबल मानिएका परिवारका आमाले नै पूर्णस्तनपान नगराएको पाइएको कार्यालयका जनस्वास्थ्य अधिकृत नवराज खड्काले बताए । ‘शिक्षित र जागिरे आमाहरूले नै पूर्णस्तनपान नगराएको देखिन्छ,’ उनले भने, ‘व्यस्तताका कारण बच्चालाई बजारमा पाइने ल्याक्टोजेन दूध खुवाउन बाध्य भएको देखिन्छ ।’

सरकारले महिलालाई तीन महिना सुत्केरी बिदा दिने गरेको छ, जसका कारण जागिरे महिलाहरूले आफ्नो बच्चालाई पूर्णस्तनपान गराउन नसकेको बताउने गरेका छन् । खड्काले भने, ‘आर्थिक अवस्था कमजोर भएका परिवारका महिलामा धेरै समस्या छैन । आर्थिकरूपमा सबल परिवारले बजारमा पाइने बट्टाको दूधमा जोड दिन्छन् । यो जागिरलगायत कारणले पनि हुनसक्छ ।’

प्रदेश अस्पताल गोरखाका बालरोग विशेषज्ञ डा. प्रकाश शर्माले बजारमा पाइने बट्टाको दूध बालबालिकाको शारीरिक र मानसिक विकासका लागि हानिकारक रहेको बताए । पूर्णस्तनपान गराउनाले बच्चासँगै आमाको स्वास्थ्यमा पनि सकारात्मक प्रभाव पर्ने उनको भनाइ छ ।

‘पूर्णस्तनपान गराएमा सुत्केरी आमाको शरीर पुनः स्वस्थ हुँदै जान्छ । पूर्णस्तनपान गराउँदा बालबालिकाको रोग प्रतिरोधात्मक क्षमता बढ्नुका साथै एन्टिबडीको पनि विकास हुन्छ,’ डा. शर्माले भने, ‘पूर्णस्तनपानले स्तन क्यान्सरजस्तो घातक रोग रोकथाम गर्न सकिन्छ । बालबालिकामा कम तौलको समस्या पनि रोकथाम हुन्छ ।’

प्रदेश जनस्वास्थ्य कार्यालय गोरखाको तथ्यांकअनुसार यहाँ नौ प्रतिशत बालबालिकाहरू कम तौलका छन् । नेपालमा एक घण्टाभित्र स्तनपान गराउनेको संख्या ५५ प्रतिशत, छ महिनासम्म पूर्णस्तनपान गराउनेको संख्या ५६ प्रतिशत र दुई वर्षसम्म स्तनपान गराउनेको संख्या ९४ प्रतिशत रहेको जनस्वास्थ्य अधिकृत खड्काले बताए ।

जन्मेको एक घण्टाभित्र स्तनपान निकै लाभदायी मानिन्छ । यस्तै, छ महिनासम्म पूर्ण र छ महिनापछि पूरक आहारसहित दुई वर्षसम्म नियमित स्तनपान गराउनुपर्ने हुन्छ । यी तीन व्यवहार अपनाइँदा नवजात शिशु मृत्युदरमा २० प्रतिशत कमी आउने जानकारहरूले बताउने गरेका छन् ।

प्रदेश जनस्वास्थ्य कार्यालयले बट्टाको दूधको प्रयोग निरुत्साहित गर्न आमाको दूधसम्बन्धी महत्त्व बुझाउन अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिरहेको छ । अब स्तनपान परामर्शदाता तालिम दिने तयारी भइरहेको कार्यालय प्रमुख सिम्रन काफ्लेले जानकारी दिए । *रासस*


**भूल सुधार गरिएको सूचना**

यस प्रभाव दैनिकको वर्ष १२ अंक ३४८ वैशाख ७ गते २०८३ मा प्रकाशित **सुबिधानगर जगदम्बा बचत तथा ऋण सहकारी संस्था लि. को** सूचनामा संयुक्त बैठकबाट निर्णय भएको मिति २०८२/१२/३० गते हुनुपर्नेमा प्राविधिक त्रुटि २०८३/१२/३० हुन गएकोले सम्पूर्ण सदस्य महानुभावहरूमा पर्न गएको अन्योल तथा असुविधाप्रति क्षमाप्रार्थी छौं ।



**Chame Rural Municipality**
**Office of The Rural Municipal Executive**
**Chame, Manang**
**Gandaki Province Nepal**

**Notice Intent of Acceptance**

**(Date of Publication 2083-01-15)**

For the provision of clause sub 27 clause (2) and (3) of the public procurement Act 2063, this is notify to all bidders who submitted their bids for the contracts as per the notice published on 20-03-2026 in Prabhab National Daily that the following lowest evaluated substantial responsive bidder is intended to award the contract.

| Name of Project | Contract no | Name of the Successful Bidder | Bid Amount (Including VAT&PS) |
|---|---|---|---|
| Construction of Buddha Park at Charche Danda Works. | CRM-Works/ 05/082/083 | Raju Nirman Sewa Manang Ngisynang | NRs 28,57,003.84 |

**(Bina Devi Sharma )**
**Chief Administrative Officer**


# मनोहरा क्षेत्रका सबै ८१० घरटहरा भत्काइयो

**भक्तपुर (प्रस)–** भक्तपुर र काठमाडौंको सीमा क्षेत्रमा पर्ने मनोहरा सुकुमबासी क्षेत्रका सम्पूर्ण संरचना भत्काउने काम सम्पन्न भएको छ । मध्यपुर थिमि नगरपालिका–१ लोकन्थली जडीबुटीस्थित मनोहरा खोला किनारामा बसोबास गर्दै आएका सुकुमबासी बस्तीका ८१० घरटहरा भत्काइ सकिएको भक्तपुरका प्रहरी उपरीक्षक सूर्यबहादुर खड्काले जानकारी दिए ।

सो स्थानका संरचना भत्काउन सोमबार २४ वटा जेसिबी प्रयोग गरिएका थिए । त्यस क्रममा एक सामुदायिक विद्यालयसहित मनोहरा सुकुमबासी बस्तीका सम्पूर्ण संरचना भत्काइएको हो । शनिबार साँझ संरचना हटाउन खोज्दा सो क्षेत्रमा ढुंगामुढा भएको थियो ।

सुकुमबासीसँगको झडपमा प्रहरी वृत्त थिमी प्रमुख प्रहरी नायब उपरीक्षक नवराज ढुंगानासहित २२ जना सुरक्षाकर्मी घाइतेसमेत भएका थिए । आइतबार बिहान करिब दुई हजारको संख्यामा सुरक्षाकर्मी पुग्दा करिब ८० प्रतिशतले आफैं बस्ती छाडेका थिए । आइतबार र सोमबार शान्तिपूर्णरूपमा सुकुमबासी बस्ती खाली गराउने काम भएको प्रहरीले जनाएको छ ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४/०६/०६ मा दर्ता भएको **प्रा. लि. नं. १७५९१६** को **रेड इङ्क मिडिया प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०१/१४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**अन्नपुर्ण माध्यमिक विद्यालयको अत्यन्त जरुरी सूचना**

यस अन्नपुर्ण माध्यमिक विद्यालय ज्याठा, काठमाडौं-२७ को लागि निम्न बमोजिमको सामाग्री खरिद गर्नु पर्ने भएको हुदा इच्छुक फर्म, संस्था, कम्पनि, वा बिक्रेताहरूबाट के कति दरमा सामानहरू उपलब्ध गराउन सकिन्छ, यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र रितपूर्वक गोप्य सिलबन्दी पेश गर्नहुन आह्वान गरिन्छ । कम्पुटर ९ थान, स्मार्ट बोर्ड १ थान, ops कम्प्युटर १ थान र ट्रली १ थान, सामान को विस्तृत जानकारी को लागि https://annapurna.edu.np/ तथा annapurna school of science & management को facebook page हेर्नु होला ।



**Kawasoti Municipality**
**Office of The Municipal Executive**
**Gandaki Province, Nepal**

**Invitation For Bids**

**First Date of Publication: 2082/12/10**
**First Date of Publication: 2083/01/15 (SQ)**
**Second Date of Publication:- 2083/01/15**

Kawasoti Municipality, Nawalparasi (East) invites only electronic bids for the following construction works under Sealed Quotation (SQ) and National Competitive Bid (NCB) .

| S. No. | Contract Nos. and Title. | Brief Description of Works | Engineers' Estimate (excluding VAT and contingency) in (NRS) | Last Date & Time of Bid Submission | Bid Validity with Bid Security Period (Day) | Bid Security Amount in (NRS) | Cost of Bidding Document (NRS) |
|---|---|---|---|---|---|---|---|
| 1. | 17/KM/NCB/ WORKS/2082/83 | Janpriya Tharu Sanskriti Basti Bikash kariyakram Antargat Purbadhar Starnotti kawasoti-13 | 21,55,114.11 | 2083/01/30, BS) Upto 12Hr | 120 Days | 64000/- | 3,000 |
| 2 | 21/KM/NCB/ GOODS/2082/83 | Supply & Delivery of Agriculture Equipment, Materials Kawasoti Municipality | 30,04,300 | 2083/01/30, BS) Upto 12Hr | 120 Days | 76000/- | 3,000 |
| 3. | 22/KM/SQ/ WORKS/2082/83 | Kushnari Tole ko Top bahadur k.c ko Ghar dekhi Pachhim Tarf ko bato Overlay ward no-13 | 1,286,839.56 | 2083/01/30, BS) Upto 12Hr | 75 Days | 38,000/- | 1,000 |

Eligible bidder may obtain further information from Kawasoti Municipality, Office of the Municipal Executive, Kawasoti, Nawalparasi(E) (Mobile: 9857641111, 9843500711, website: www.kawasotimun.gov.np) during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

प्रभाव दैनिक
रूपशाला
मंगलबार, १५ वैशाख २०८३ (Tuesday, 28 April 2026)

## सानु बनिन् 'ब्युटिसियन नेपाल-२०२६'

'ब्युटिसियन नेपाल-२०२६' को ताज काठमाडौँ सामाखुसीकी सानु थापाले जितेकी छन्। आइतबार साँझ ज्यापु एकेडेमीमा सम्पन्न प्रतियोगितामा दर्जन बढी प्रतियोगीलाई पछि पार्दै थापाले ताज हात पारेकी हुन् । ताजसँगै उनले 'नेफा अवार्ड २०२६' लण्डनका लागि सहभागी अवसर प्राप्त गरिन् । हिमालयन मुभिजद्वारा आयोजित प्रतियोगिताको फस्ट रनरअप अञ्जली गोले र सेकेण्ड रनरअप सरिता श्रेष्ठ बन्न सफल भए । ब्युटिसियन नेपाल कार्यक्रमको उक्त बाह्रौं संस्करणमा पेसागत सीपका साथै ब्युटिसियनहरूले आफ्नो प्रतिभा प्रस्तुत गरेका थिए ।



# गीतकार डम्बर याक्सोका पाँच गीतको श्रव्यदृश्य लोकार्पण

■ प्रभाव संवाददाता






**काठमाडौं-** गीतकार डम्बर याक्सोद्वारा रचित पाँच गीतको श्रव्य दृश्य लोकार्पण गरिएको छ । गीतकार सङ्घ नेपालका पूर्व अध्यक्ष शुभ मुकारुङको सभापतित्व एवम् संघका अध्यक्ष वसन्त वित्यासी थापाको प्रमुख आतिथ्यतामा पाँच गीतको श्रव्य दृश्य लोकार्पण गरिएको हो ।

सेवा रेकर्डिङको आयोजनामा भएको उक्त कार्यक्रममा उपस्थित अतिथिलाई सङ्गीतकार शान्तिराम राईले स्वागत मन्तव्यद्वारा स्वागत गरेका थिए । सङ्गीतकार राईले गीतकार डम्बर याक्सो संक्षिप्त परिचय दिँदै जीवनका अनुभवलाई गीतमा सरल तरिकाले प्रस्तुत गरिएको बताए ।

कार्यक्रममा वरिष्ठ सङ्गीतकार बुलु मुकारुङ, वरिष्ठ कवि तथा गीतकार राजन मुकारुङ, वरिष्ठ कवि, गीतकार प्राज्ञ श्रवण मुकारुङ, नेपाल सरकारका उपसचिव अमरदीप सुनुवार, गीतकार रमेश कोईराला, गायक दिपक लिम्बू, गायिका दीपा सुहाङ, गीतकार विष्णु भण्डारी, गीतकार जीवन मुकारुङ, गायक अशोक मुकारुङ लगायतका विशिष्ट व्यक्तित्वको बाक्लो उपस्थिति रहेको थियो । कार्यक्रम सेसेमी लिम्बूले सञ्चालन गरेकी थिइन् ।

मुस्कान छैन, आमाको तिर्सना, म त तिम्रो नजरमा जीउँदै मरेको मान्छे, निष्ठुरी रहेछौ दैव, अति सुन्दर छ हाम्रो हाङपाङ गाउँको श्रव्यदृश्य लोकार्पण गरिएको थियो ।

शुभकामना मन्तव्य दिँदै साहित्यकार लक्ष्मी उप्रेतीले डम्बर याक्सोका सिर्जनाले मन जितेको बताइन् । साहित्यकार उप्रेतीले गीत सङ्गीत र साहित्य देशको अभिन्न अङ्ग भएको बताइन् ।

वरिष्ठ संगीतकार बुलु मुकारुङले डम्बर याक्सो विशिष्ट श्रेणीको गीतकार भएको बताए । खगोल र भूगोलको गीत, मानवीय संवेदना, लाहुरेको कथा र माटोको सुगन्ध भएको बताए ।

गोपीकृष्ण प्रसाईंले साहित्यकने विविध विधामा कलम चलाउने गीतकार डम्बर याक्सोले हाङपाङ्ग जस्तो जन्मभूमिदेखि विश्व भ्रमणका क्रममा भोगेका भोगाइलाई गीतमा चित्रण गरेको बताए ।

वरिष्ठ कवि गीतकार तथा प्राज्ञ श्रवण मुकारुङले गीतकार डम्बर याक्सो गीतिलेखनमा विशेष क्षमता भएको गीतकार कवि भएको बताए । गीतकार याक्सोका सिर्जनाले आफूलाई प्रभावित बनाएको बताउँदै सिर्जना सदाबहार बन्ने बताए । पछिल्लो समय भाइरलको पछाडि लागेको समाज देख्दा क्षणिक आनन्द लिएको हुँदा त्या नलाग्न अनुरोध समेत गरेका थिए ।

कार्यक्रमका प्रमुख अतिथि गीतकार सङ्घ नेपालका अध्यक्ष बसन्त वित्यासी थापाले गीतकार डम्बर याक्सो देश र परिवेश सुहाउँदो गीत सिर्जना गर्ने गीतकार भएको बताए । अध्यक्ष थापाले सिर्जनाको धनीले अब आर्थिक र बौद्धिक सम्पत्ति जोगाउन पनि अनुरोध गरे । अध्यक्ष थापाले डम्बर याक्सो जस्ता स्रष्टाहरूले लगानी मात्र गरिरहेको र त्यसको प्रतिफल प्राप्त नगरेको हुँदा कानूनी रूपमा बौद्धिक सम्पत्तिको अधिकारलाई सुनिश्चित गराउनुपर्ने आवश्यकता रहेको बताए ।

त्यस्तै कार्यक्रमलाई समापन गर्दै गीतकार संघका पूर्व अध्यक्ष शुभ मुकारुङले गीतकार डम्बर याक्सो बुहआयामिक गीतकार तथा कवि भएको बताए । लेखनका हिसाबले गीतकार याक्सोका सिर्जनाहरूले आफूलाई मन छोएको बताउँदै उनले अबका दिनमा पनि निरन्तरता जारी रहोस् भन्ने शुभकामना दिएका थिए ।

कार्यक्रममा गायक दिपक लिम्बू, गायक अशोक मुकारुङ र गायिका दीपा सुहाङ लगायतले सांगीतिक प्रस्तुति दिएका थिए ।



महिला बिच कबड्डी

# भारतलाई उपाधि, नेपालीलाई कांश्य

■ प्रभाव संवाददाता

**काठमाडौं-** छैटौं एसियन बिच गेम्स २०२६ अन्तर्गत बिच कबडीको उपाधि भारतीय महिला कबडी टोलीले जितेको छ ।

भारतले श्रीलंकालाई पराजित गर्दै लगातार छैटौं पटक उपाधि जितेको हो । सोमबार भएको फाइनल खेलमा भारतले श्रीलंकालाई ४७-३१ ले पराजित गरेको हो ।

भारतसँग पराजित हुँदै श्रीलंकाले पहिलोपटक बिच कबडीमा रजत पदक जित्यो । प्रतियोगितामा नेपालले भने कांस्य जितेको छ ।

आइतबार भएको दोस्रो सेमिफाइनल खेलमा श्रीलंकासँग पराजित हुँदै नेपालले कांस्य पदक जितेको हो ।

त्यस्तै भारतसँग पराजित हुँदै बंगलादेश पनि कांस्य पदकमा सीमित बन्यो ।

नेपाली महिला कबडी टोलीकी कप्तान मनमती विष्टले आफूहरूले पदक लिएर स्वदेश फर्कन पाएकोमा खुसी रहेको बताइन् ।

'हामीले १९औं एसियन गेम्समा पनि चीनबाट तेस्रो पदक लिएर गएका थियौं । पुनः हामीले पदक लिएर स्वदेश फर्कन पाउँदा निकै खुसी लागेको छ' सोमबार पदक ग्रहण गरिसकेपछि उनले भनिन् ।

चन्द्रगढी महिला गोल्डकप

# एपिएफलाई उपाधि रेनुका सर्वोत्कृष्ट

**काठमाडौं (प्रस)** – सशस्त्र प्रहरी बलको (एपीएफ) ले झापाको भद्रपुरमा आयोजित ओम साई पथिभरा हस्पिटल चन्द्रगढी महिला गोल्डकप फुटबल प्रतियोगिताको उपाधि जितेको छ । अर्को विभागीय क्लब त्रिभुवन आर्मी फुटबल क्लबलाई १-० गोल अन्तरले हराउँदै एपिएफले उपाधि हात पारेको हो । उपाधिसँगै एपिएफले ११ लाख, मेडल, ट्रफी तथा प्रमाणपत्र पाएको छ । आर्मीले ५ लाख रूपैयाँ प्राप्त गऱ्यो ।

एपिएफलाई उपाधि दिलाउन एक मात्र गोल रश्मिकुमारी घिसिङले गरिन् । खेलको ७२ औं मिनेटमा कप्तान अनिता बस्नेतले डिबक्समा मिलाइदिएको पासलाई अनमार्क रहेकी रश्मिले हेडमार्फत सुन्दर गोल गरिन् ।

खेलको अधिकांश समय बल पोजिसन राखेको एपिएफले निर्धारित ९० मिनेटमा गोल गर्ने थुप्रै अवसर बनाए पनि थप स्कोर भने निकाल्न सकेन । एपिएफका डिफेन्ससामु आर्मीका स्ट्राइकर चल्न नसक्दा उपविजेतामा सीमित रहेको छ ।

खेलको प्लेयर अफ द म्याच विजेता टिम एपिएफकी सरु लिम्बु भइन् । उनले ११ हजार रूपैयाँ पुरस्कार पाइन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी विजेता टिम एपिएफकी रेनुका नगरकोटी भइन् । उनले १ लाख एक हजार रूपैयाँ पुरस्कार पाइन् ।

एपिएफकी अञ्जना राना मगर उत्कृष्ट गोलकिपर, गीता राना उत्कृष्ट डिफेन्डर, आर्मी दिपा शाही उत्कृष्ट मिडफिल्डर, आयोजक चन्द्रगढी युथ क्लब सबनम राई राइजिङ प्लेयर घोषित भइन् । एपिएफकी रश्मिकुमारी घिसिङ सर्वाधिक गोलकर्ता बनिन् । उनीहरूले जनही २५ हजार रूपैयाँ पुरस्कार पाए । बैशाख ५ गतेदेखि सुरु भएको प्रतियोगितामा फाइनल खेलेका २ टोली बाहेक आरएस पोखरा फुटबल क्लब, भुटानको थिम्पु सिटी क्लब, चर्च ब्वाइज युनाइटेड, नेपाल पुलिस फुटबल क्लब, आयोजक चन्द्रगढी युवा क्लब, भारतको रानी लक्ष्मीबाई स्पोर्टस एकेडेमी, संकटा फुटबल क्लब र ओखलढुंगाको पदमा स्पोर्टस् क्लबको सहभागिता थिए ।

युएइमा रोजगार — कम्पनी : MAZAYA RECRUITMENT - SOLE PROPRIETORSHIP L.L.C
पूर्व स्वीकृति मिति : २०८२/०९/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१४ | LT. No. 336503 | चलानी नं. ६०२४९९३८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 186 | 0 | 1000 | ४१,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८३ वैशाख २२ गते (5th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

मलेसियामा रोजगार — कम्पनी : TEGAS SECURITY SERVICES SDN BHD — Address : Jalan, Wisma Sai
पूर्व स्वीकृति मिति : २०८२/०९/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१४ | LT. No. 336821 | चलानी नं. ६०२५०३७६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 13 | 0 | 1700 | ६४,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २२ गते (5th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.(EVEREST GLOBAL RECRUITMENT SERVICE PVT LTD)
श्रम इजाजत नं. १२७५/०७४/७५
Sallaghari Marg, Bansbari, Kathmandu, Tel:-+977 4372262, 4375012/ 9707074613 Bijay Kc, Email:- bijay.skypowernepal@gmail.com

मलेसियामा रोजगार — कम्पनी : SYMBIOTICA SPECIALITY INGREDIENTS SDN. BHD. — FREE VISA !! FREE TICKET !!!
पूर्व स्वीकृति मिति : २०८३/०१/१४ | LT. No. 341144 | चलानी नं. ६०२५४४८६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 10 | 0 | 1700 | ६४,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : THONG GUAN PLASTIC & PAPER INDUSTRIES SDN. BHD.
पूर्व स्वीकृति मिति : २०८३/०१/१४ | LT. No. 341145 | चलानी नं. ६०२५४४८५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 18 | 0 | 1700 | ६४,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८३ वैशाख २२ गते (5th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

S.And S.Human Resource Pvt. Ltd.
Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-015423287
Shiva Sankhar Chaudhari +977 984-9038785, E-mail : sands1238@gmail.com
श्रम इजाजत नं. १२३८/०७४/०७५

युएइमा रोजगार — कम्पनी : PROSCAPE LLC
पूर्व स्वीकृति मिति : २०८३/०१/१४ | LT. No. 341116 | चलानी नं. ६०२५४४८४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Garden Worker | 100 | 0 | 1000 | ४१,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २२ गते (5th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RED SUN EMPLOYMENT SERVICE PVT.LTD.(Red Sun Solutions Pvt.ltd)
Govt. License 1274/074/75
Chabahil-7, Chuchepati, Kathmandu, BAGMATI, Tel : +977-01-5210104,
Email: inforedsun2017@gmail.com, Web: www.redsunemployment.com.np

साउदीमा रोजगार — कम्पनी : HALF BALANCE CAFE SERVING DRINKS
पूर्व स्वीकृति मिति : २०८२/०९/०८ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०१/१४ | LT. No. 335904 | चलानी नं. ६०२४९४८१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista Coffee Maker | 1 | 0 | 1400 | ५३,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २२ गते (5th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

युएइमा रोजगार — कम्पनी : STRUCTURE ADVANCED BUILDING CONTRACTING L.L.C
पूर्व स्वीकृति मिति : २०८२/०३/१० | LT. No. 326073 | चलानी नं. ६०२४००५२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Layer | 24 | 1 | 1200 | ४९,१६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2. | Construction Carpenter | 18 | 1 | 1200 | ४९,१६५ | | | | | | | |
| 3. | Steel Fixer | 14 | 1 | 1200 | ४९,१६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २२ गते (5th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Haya Recruitment Pvt. Ltd.
श्रम इजाजत नं. १०९३/०७३/०७४
Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610, 4508610, Bibek Gadtoula - 9851354055, E-mail : alhaya.recruitment@gmail.com

युएइमा रोजगार — कम्पनी : AL TANMYAH SERVICES LLC
पूर्व स्वीकृति मिति : २०८३/०१/१४ | LT. No. 336796 | चलानी नं. ६०२५४४६२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 200 | 0 | 1000 | ४१,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २२ गते (5th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Employment Creation Service Pvt. Ltd.
Pancha Kumari Mandir, Sinamangal-9, Kathmandu, Nepal
Tel: +977-1-4588393, 4587496 E-mail : info@ecsmanpower.com, Website : ecsmanpower.com
श्रम ईजाजत नं. ४००/०६०/६१

साउदीमा रोजगार — कम्पनी : AL RASEEN MAINTENANCE COMPANY
पूर्व स्वीकृति मिति : २०८३/०१/०९ | LT. No. 340899 | चलानी नं. ६०२५४४८०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 10 | 0 | 1800 | ७२,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : WARKAT RESTAURANT CATERING EST
पूर्व स्वीकृति मिति : २०८३/०१/०८ | LT. No. 340900 | चलानी नं. ६०२५४४८१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | On and Off Loading Labor | 1 | 0 | 1200 | ४८,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : SEDER GROUP TRADING & CONTRACTING CO
पूर्व स्वीकृति मिति : २०८३/०१/०८ | LT. No. 340901 | चलानी नं. ६०२५४४८२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labors | 4 | 0 | 1200 | ४८,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८३ वैशाख २२ गते (5th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FAST EMPLOYMENT SERVICE (P) LTD
Kunpondole, In front of Hotel Himalaya, Lalitpur, Tel. No: +977-5180421/ 5180431, 9808155760 Sunita shrestha
9860868244 Madan Bhattarai, E-mail : fastemployment1399@gmail.com, Web: www.fastemployment.com.np
Govt. License 1399/074/75

ओमन/युएइमा रोजगार — कम्पनी : MUSCAT FACILITIES MANAGEMENT
पूर्व स्वीकृति मिति : २०८२/१२/३० | LT. No. 321828 | चलानी नं. ६०२३६०३४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/public Buildings | 5 | 12 | 110 | ४३,०४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : MOHAMMED ABDULMOHSIN AL-KHARAFI & SONS L.L.C
पूर्व स्वीकृति मिति : २०८२/०१/२६ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०१/१४ | LT. No. 323525 | चलानी नं. ६०२३७५०७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 104 | 0 | 900 | ३६,८७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : ALSARH RECRUITMENT SOLE PROPRIETORSHIP L.L.C
पूर्व स्वीकृति मिति : २०८२/०४/२५ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०१/१४ | LT. No. 331996 | चलानी नं. ६०२४५७१५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 185 | 0 | 1000 | ४०,९७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : ELITE SHIELD SECURITY SERVICES LLC
पूर्व स्वीकृति मिति : २०८२/०४/१३ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०१/१४ | LT. No. 328059 | चलानी नं. ६०२४१९११

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 15 | 0 | 1200 | ४९,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : MAZAYA RECRUITMENT - SOLE PROPRIETORSHIP L.L.C
पूर्व स्वीकृति मिति : २०८२/०८/१२ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०१/१४ | LT. No. 334316 | चलानी नं. ६०२४७८९६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | A/c Technician | 8 | 0 | 1500 | ६१,४५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter | 8 | 0 | 1500 | ६१,४५७ | | | | | | | |
| 3. | Electrician. | 7 | 0 | 1500 | ६१,४५७ | | | | | | | |
| 4. | Helper | 24 | 0 | 1000 | ४०,९७१ | | | | | | | |
| 5. | Mason | 8 | 0 | 1500 | ६१,४५७ | | | | | | | |
| 6. | Steel Fixer | 3 | 0 | 1500 | ६१,४५७ | | | | | | | |

कम्पनी : MUNTAHA BASIT BUILDING CLEANING AND TECHNICAL SERVICE L.L.C
पूर्व स्वीकृति मिति : २०८२/०२/२१ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०१/१४ | LT. No. 325201 | चलानी नं. ६०२३९१६९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scafolder | 12 | 0 | 1200 | ४९,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : PYTHON GENERAL SECURITY GUARD SERVICES CO LLC
पूर्व स्वीकृति मिति : २०८१/०९/११ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०१/१४ | LT. No. 316072 | चलानी नं. ६०२३०३२२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 15 | 0 | 1200 | ४९,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २२ गते (5th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Future Star Manpower Pvt. Ltd.
श्रम इजाजत नं. ३९७/०६०/०६१
Samakhushi, Townplaning, Kathmandu, Nepal, (Kathmandu) Phone : +977-1-4960576, 4950719, 9810101810,
9813916322, E-mail : futurestarmp397@gmail.com, Website : www.futurestarmanpower.com



पाकिस्तानको लाहोरस्थित थोक बजारमा ट्रकभरि तरबुजाका बीचमा ग्राहकहरूको प्रतीक्षामा किसान र बिक्रेताहरू । *तस्बिरः एएफपी*

# हर्मुज खुलाउन इरानको प्रस्ताव, वार्ता अन्योलमा

**कायरो–** विश्व ऊर्जा आपूर्तिको मुटु मानिने हर्मुज जलघाँटीमा जारी तनाव कम गर्ने प्रयासस्वरूप इरानले आफ्नो नियन्त्रण हटाउने प्रस्ताव अघि सारेको छ, तर त्यसको सट्टामा अमेरिकाले लगाएको नाकाबन्दी अन्त्य गर्नुपर्ने सर्त राखेपछि कूटनीतिक समीकरण झनै जटिल बनेको छ ।

आणविक कार्यक्रमलाई अलग राख्दै अघि सारिएको यो प्रस्तावले युद्धविरामलाई दीर्घकालीन समाधानमा रूपान्तरण गर्ने प्रयास भए पनि सहमति अझै टाढा देखिएको छ । यस विषयमा जानकारी राख्ने दुई क्षेत्रीय अधिकारीका अनुसार इरानले जलघाँटीमा लगाएको प्रतिबन्ध हटाउन तयार रहेको संकेत दिएको छ, तर त्यसको बदलामा अमेरिकाले इरानी बन्दरगाहहरूमा लगाएको नाकाबन्दी फुकुवा गर्नुपर्ने माग गरेको छ ।

तर यो प्रस्तावलाई अमेरिकी प्रशासनले सहजरूपमा स्वीकार गर्ने संकेत देखिएको छैन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानको आणविक कार्यक्रम अन्त्य नगरी कुनै दीर्घकालीन समाधान सम्भव नहुने अडान दोहोऱ्याएका छन् । उनले आइतबार फक्स न्युजसँगको अन्तर्वार्तामा इरानसँग वार्ता गर्न आफू तयार रहेको जनाउँदै उनीहरूले प्रत्यक्ष सम्पर्क गर्नुपर्ने बताए ।

यसैबीच, इरानका विदेशमन्त्री अब्बास अराघची सोमबार रुसको सेन्ट पिटर्सबर्ग पुगेका छन् । त्यहाँ उनले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग भेट्ने कार्यक्रम रहेको छ । इरानी सरकारी समाचार एजेन्सीका अनुसार अराघचीले पछिल्ला घटनाक्रमबारे रुससँग परामर्श गर्ने अवसरका रूपमा यो भ्रमणलाई लिएका छन् । उनले ओमान, पाकिस्तान र अन्य क्षेत्रीय देशहरूसँग पनि वार्ता गर्दै कूटनीतिक पहललाई निरन्तरता दिएका छन् ।

इस्लामाबादमा इरान-अमेरिका वार्ता पुनः सुरु हुने अपेक्षा गरिएको थियो । पाकिस्तानले मध्यस्थताको प्रयास गर्दै वार्ता आयोजना गर्न खोजे पनि अमेरिकी पक्षले प्रत्यक्ष भेटघाटभन्दा टेलिफोन संवादलाई



प्राथमिकता दिएपछि प्रक्रिया प्रभावित भएको हो । अराघचीले वार्ता ढिलाइ हुनुमा अमेरिकी 'अत्यधिक माग' जिम्मेवार रहेको आरोप लगाएका छन् ।

अर्कोतर्फ, ट्रम्पले इरानको नेतृत्वभित्र स्पष्टता नभएको टिप्पणी गर्दै यस्तो अवस्थाले सम्झौता गर्न कठिन भएको संकेत गरे । अमेरिकी दूत स्टिभ विटकफ र जारेड कुशनरलाई इस्लामाबाद पठाउने योजना अन्ततः रद्द भएपछि कूटनीतिक प्रयास थप अनिश्चित बनेको छ ।

पर्सियन खाडीको प्रवेशद्वार मानिने हर्मुज जलघाँटी अहिले पनि तनावको केन्द्रमा छ । विश्वको करिब पाँचौं भाग तेल र ग्यास यही मार्ग हुँदै आपूर्ति हुने गर्दछ । इरानले आवागमनमा प्रतिबन्ध लगाएको र अमेरिकाले नाकाबन्दी जारी राखेका कारण विश्वबजारमा तेलको मूल्य तीव्ररूपमा बढेको छ । सोमबार ब्रेन्ट क्रुडको मूल्य प्रतिब्यारेल करिब १०७ डलर पुगेको छ । यो युद्धअघि करिब ७२ डलर थियो ।

जलघाँटीमा अवरोधका कारण तेलमात्र नभई, तरलीकृत ग्यास, मल र अन्य सामग्रीको आपूर्ति पनि प्रभावित भएको छ । धेरै ट्याांकरहरू पर्सियन खाडीमै रोकिएका छन्, जसले विश्वव्यापी आपूर्ति शृंखलामा दबाब सिर्जना गरेको छ ।

यसबीच इरानले ओमानसँग जहाज आवागमनका लागि टोल प्रणाली लागू गर्ने सम्भावनामा पनि छलफल गरेको बताइएको छ । साथै, नयाँ वार्ता अघि अमेरिकाले नाकाबन्दी हटाउनुपर्ने माग दोहोऱ्याएको छ, जसले वार्ता अझ जटिल बनाएको छ ।

गत फेब्रुअरी २८ मा सुरु भएको अमेरिका-इजरायल संयुक्त आक्रमणपछि भड्किएको युद्ध औपचारिकरूपमा रोकिए पनि स्थायी समाधान निस्किएको छैन । हजारौं मानिसको ज्यान गएको र विश्व अर्थतन्त्रमा असर पारेको यो द्वन्द्व अझै संवेदनशील अवस्थामा छ । दुवै पक्षले सैन्य चेतावनी पनि जारी राखेका छन् । इरानले अमेरिकी कदमलाई 'समुद्री डकैती' भन्दै कडा प्रतिक्रिया दिने चेतावनी दिएको छ भने ट्रम्पले जलमार्गमा खतरनाक गतिविधि गर्ने डुंगाहरूलाई तत्काल कारबाही गर्न आदेश दिएका छन् ।

ट्रम्पका अनुसार इरानले हालै 'अझ राम्रो' प्रस्ताव पठाएको भए पनि त्यसको विवरण सार्वजनिक गरिएको छैन । तर उनले इरानसँग आणविक हतियार नहुने सुनिश्चितता आफ्नो प्रमुख सर्त रहेको स्पष्ट पारेका छन् । संयुक्त राष्ट्रसंघको आणविक निगरानी निकायका अनुसार इरानसँग ६० प्रतिशतसम्म समृद्ध युरेनियमको उल्लेख्य भण्डार रहेको छ, जुन हतियारस्तरसम्म पुग्न केही प्राविधिक चरणमात्र बाँकी रहेको मानिन्छ ।

युद्धको मानवीय क्षति पनि गम्भीर बनेको छ । इरानमा कम्तीमा तीन हजार ३७५ र लेबनानमा दुई हजार ५०९ जनाको मृत्यु भएको छ भने इजरायल र खाडी क्षेत्रमा पनि मृत्यु संख्या बढेको छ । विभिन्न देशका सैनिक र संयुक्त राष्ट्रसंघका शान्तिरक्षकहरू समेत मारिएका छन् ।

यसैबीच इजरायल र हिजबुल्लाहबीचको युद्धविराम तीन हप्ता थप गरिएको छ, तर स्थायी शान्ति अझै टाढा देखिन्छ । यस समग्र अवस्थाले कूटनीतिक प्रयासलाई निरन्तरता दिइरहे पनि परिणाम अनिश्चित रहेको संकेत गरेको छ । *रासस/एपी*

# युद्धमा मारिएका सैनिकका लागि उत्तर कोरियाको संग्रहालय

**सियोल–** रुस-युक्रेन युद्धमा आफ्ना सैनिकको संलग्नता थप प्रस्ट पार्दै उत्तर कोरियाले मारिएका सैनिकहरूको सम्झनामा प्योङयाङमा स्मारक संग्रहालय स्थापना गरेको छ । दुई देशबीच बढ्दो सैन्य सहकार्यको संकेतका रूपमा आएको यो कदमले उत्तर कोरिया र रुसको सम्बन्ध अझ मजबुत बन्दै गएको देखाएको छ ।

उत्तर कोरियाको सरकारी समाचार एजेन्सी केसिएनएका अनुसार उक्त संग्रहालयको उद्घाटन आइतबार कुर्स्क क्षेत्रमा भएको सैन्य अभियानको अन्त्य भएको एक वर्ष पूरा भएको अवसरमा गरिएको हो । कार्यक्रममा नेता किम जोङ उनले रुसका उच्च अधिकारीहरूसँग सहभागिता जनाएका थिए, जसमा राज्य डुमाका सभामुख व्याचेस्लाभ भोलोडिन र रक्षामन्त्री आन्द्रेई बेलोसोभ पनि सहभागी थिए ।

कार्यक्रमका क्रममा किमले युद्धमा मारिएका एक सैनिकको शवमा माटो चढाउँदै श्रद्धाञ्जली व्यक्त गरेका थिए भने अन्य सैनिकहरूको सम्मानमा फूल अर्पण गरिएको थियो । त्यसपछि किम तथा रूसी अधिकारीहरूले अतिथि पुस्तिकामा सन्देश लेखेका थिए । आफ्नो सम्बोधनमा किमले ती सैनिकहरूको बलिदानलाई कोरियाली जनताको वीरताको प्रतीकका रूपमा चित्रण गर्दै यसलाई कोरिया-रुस मित्रताको प्रतीकात्मक उपलब्धि बताए ।

अप्रिल २०२५ मा उत्तर कोरिया र रुसले संयुक्तरूपमा आफ्ना सैनिकहरूले रुसको कुर्स्क क्षेत्रमा युक्रेनी आक्रमण रोक्न सँगै लडेको सार्वजनिक गरेका थिए । यद्यपि तैनाथ सैनिकहरूको आधिकारिक संख्या खुलाइएको छैन । दक्षिण कोरियाको गुप्तचर निकायले भने करिब १५ हजार उत्तर कोरियाली सैनिक पठाइएको र तीमध्ये झण्डै दुई हजार मारिएको अनुमान गरेको छ ।

रक्षामन्त्री बेलोसोभसँगको भेटमा किमले रुसको सुरक्षा नीतिप्रति पूर्णसमर्थन जनाउँदै आगामी वर्षहरूका लागि द्विपक्षीय सैन्य सहकार्य विस्तार गर्ने संकेत गरेका थिए । रूसी समाचार एजेन्सी तासका अनुसार दुवै पक्ष सन् २०२७ देखि २०३१ सम्मको सैन्य सहकार्य योजनामा हस्ताक्षर गर्न तयार रहेका छन् ।

समारोहमा वाचन गरिएको सन्देशमार्फत रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले नयाँ संग्रहालयलाई दुई देशबीचको मित्रता र एकताको प्रतीकका रूपमा व्याख्या गरेका छन् । उनले उत्तर कोरिया र रुसबीचको रणनीतिक साझेदारी अझ सुदृढ हुँदै जाने विश्वास व्यक्त गरेका छन् । *रासस/एपी*

# इयूको 'मेड इन युरोप' योजनामाथि चीनको कडा आपत्ति



**बेइजिङ–** युरोपेली संघ (इयू)ले आफ्ना उद्योगलाई सुदृढ बनाउने उद्देश्यले अघि सारेको 'मेड इन युरोप' योजनाप्रति चीनले तीव्र असन्तुष्टि जनाउँदै प्रतिकारात्मक कदम चाल्ने चेतावनी दिएको छ ।

विशेषगरी रणनीतिक क्षेत्रहरूमा विदेशी कम्पनीहरूलाई सीमित गर्ने खालका प्रावधानले चिनियाँ कम्पनीहरूको हितमा प्रत्यक्ष असर पर्ने भन्दै बेइजिङले यसलाई 'प्रणालीगत भेदभाव'को संज्ञा दिएको छ । इयूले गत मार्चमा सार्वजनिक कोषमा पहुँच चाहने कम्पनीहरूका लागि नयाँ नियमहरू सार्वजनिक गरेको थियो, जसअनुसार कार, हरित प्रविधि र इस्पातजस्ता क्षेत्रहरूमा काम गर्ने कम्पनीहरूले निश्चित मात्रामा इयूभित्रै उत्पादन गरिएका सामग्री प्रयोग गर्नुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ । यो प्रस्ताव लामो समयदेखि चलिरहेको छलफल र विवादपछि आएको हो, जसको लक्ष्य युरोपेली उद्योगको प्रतिस्पर्धात्मक क्षमता पुनःस्थापित गर्नु, औद्योगिक गिरावट रोक्नु र रोजगारी जोगाउनु रहेको छ ।

चीनको वाणिज्य मन्त्रालयले सोमबार जारी गरेको विज्ञप्तिमा इयूको प्रस्तावप्रति गम्भीर चिन्ता व्यक्त गर्दै युरोपेली कमिसनसमक्ष आफ्ना टिप्पणीहरू पेस गरिसकेको जनाएको छ । यदि इयूले यो योजना लागू गरेमा चिनियाँ उद्यमहरूको वैध अधिकार र हितमा क्षति पुग्ने भन्दै चीनले आवश्यक परे प्रतिरोधात्मक उपायहरू अपनाउने स्पष्ट संकेत दिएको छ ।

इयूभित्रका व्यवसायहरूले भने लामो समयदेखि भारी सरकारी अनुदान पाएका चिनियाँ कम्पनीहरूसँग प्रतिस्पर्धा गर्न गाह्रो भएको गुनासो गर्दै आएका छन् । यसै पृष्ठभूमिमा 'इण्डस्ट्रियल एक्सेलेरेटर एक्ट' नाम दिइएको यो प्रस्तावले विदेशी कम्पनीहरूलाई युरोपेली साझेदारसँग सहकार्य गर्न र प्रविधि हस्तान्तरण गर्न बाध्य बनाउने व्यवस्था पनि समेटेको छ, जसले विशेषगरी चिनियाँ ब्याट्री र विद्युतीय सवारी उत्पादकहरूलाई असर पार्ने देखिन्छ ।

यसैबीच, इयूका लागि चिनियाँ चेम्बर अफ कमर्सले पनि उक्त योजना संरक्षणवादी नीतितर्फको संकेत भएको भन्दै यसले दुई पक्षबीचको व्यापारिक सहकार्यमा नकारात्मक प्रभाव पार्न सक्ने चेतावनी दिएको छ । *रासस/एएफपी*


## कतारमा रोजगार

कम्पनी : SOLIDARITY TRADING AND CONTRACTING SERVICES W.L.L.

पूर्व स्वीकृति मिति : २०८२/०३/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१३ | LT. No. 325577 | चलानी नं. ६०२४००७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 1 | 0 | 1200 | ४९,६१३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 1 | 0 | 1000 | ४१,३४४ | | | | | | | |

कम्पनी : SOLIDARITY TRADING AND CONTRACTING SERVICES W.L.L.

पूर्व स्वीकृति मिति : २०८२/०३/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१३ | LT. No. 320935 | चलानी नं. ६०२३५०३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 1 | 1 | 1200 | ४९,६१३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Cleaning Worker | 2 | 1 | 1000 | ४१,३४४ | | | | | | | |
| 3. | Labour | 1 | 1 | 1000 | ४१,३४४ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय ललितपुरमा मितिः २०८३ वैशाख २२ गते (4th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
LIC 1675/080/81
Tokha -07, Basundhara, Kathmandu, Nepal
(Anita Nepal) 9709459391, E-mail : strikeforceasiarecruitment@gmail.com

## मलेसियामा रोजगार

कम्पनी : STELLAR SIGNATURE SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/१४ | LT. No. 341134 | चलानी नं. ६०२५४४७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Resturant Worker | 100 | 0 | 1700 | ६४,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छैन | २ वर्ष |

कम्पनी : QRA SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/१४ | LT. No. 341135 | चलानी नं. ६०२५४४७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 5 | 0 | 1700 | ६४,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छैन | २ वर्ष |

कम्पनी : NINTH ROW SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/१४ | LT. No. 341136 | चलानी नं. ६०२५४४७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Resturant Worker | 6 | 0 | 1700 | ६४,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छैन | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको शाखा कार्यालय बिर्तामोड, झापामा मितिः २०८३ वैशाख २२ गते (5th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKYWAYS BUREAU SERVICES PVT.LTD.
Badri Colony, Sukedhara, Kathmandu, Nepal, Contact: +977-01-4376101, 4376102
E-mail : info@skywaysnepal.com, Web: www.societaloverseas.com
Govt. License No. 871/066/67

## अधिकतम खुद्रा मूल्य (MRP) प्रकाशन

न्यू पी आर सप्लायर्सले आ.ब. २०८२/८३ बैशाख देखि सातदोबाटो ललितपुरबाट ताईवानमा निर्मित Hartford ब्राण्डको मोटरसाइकल नेपालको लागि आधिकारिक बिक्रेता/आयातकर्ता भई बिक्री वितरण शुरू गरेको हुँदा उक्त ब्राण्डको मोटरसाइकल खरिद गर्ने ग्राहकहरूको सहजताको लागि अधिकतम खुद्रा मूल्य (MRP) प्रकाशन गरिएको सहर्ष जानकारी गराउँदछौं ।

| सि.नं. | मोडेल | ब्राण्ड | अधिकतम खुद्रा मूल्य (MRP) |
|---|---|---|---|
| १. | VR200HXEFI | Hartford | ६,७५,०००/- |

KK BROTHERS
न्यू पी आर सप्लायर्स
सातदोबाटो, ललितपुर
फोन नं. : ०१-५२६९२२२
पिपलचोक, विराटनगर-४
फोन नं. : ०२१-४६५०४७

## सुविधानगर जगदम्बा बचत तथा ऋण सहकारी संस्था लि.

ललितपुर जिल्ला, ल.म.न.पा.१४, चापागाउँ दोबाटो

**ऋण लिई समयावधिभित्र चुक्ता नगर्ने ऋणीलाई धितोमा रहेको जग्गा लिलाम विक्री सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

**मिति २०८३/०१/१५ गते, मंगलबार**

तपसिलमा उल्लेखित ऋणी सदस्यले यस संस्थाबाट लिएको कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य कुनै दै-दस्तुर रकम समेत संस्थासँग गरेको शर्त सम्झौता बमोजिम तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लङ्घन गरेको तथा संस्थाले पटक पटक लिखित मौखिक एवम् स्थलगत भेटघाट तरताकेता गर्दा पनि भुक्तान गर्न नआएकोले उक्त कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको पहिलो पटक मिति २०८०/०५/१९ गते ३५ दिने, र दोस्रो पटक २०८२/११/१७ गते १५ दिने, तेस्रो पटक मिति २०८२/१२/२५ गते ७ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा पनि संस्थामा सम्पर्क नभएको, कर्जा चुक्ता गर्न कुनै अग्रसरता नदेखाएकोमा माथि उल्लेखित विभिन्न मितिमा सूचना जारी गरी जानकारी दिदा पनि तिर्नु बुझाउनु पर्ने रकम नतिरेको हुँदा (असुल उपर नभएको हुँदा) सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, सहकारी ऐन २०७६, बागमती प्रदेश सहकारी नियमावली २०७६ तथा संस्थाको नियमअनुसार असुली सम्बन्धी नियमावली, प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गर्ने सम्बन्धि ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस)** दिनभित्र यस संस्थालाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जना तथा अन्य दै-दस्तुर भुक्तान गर्ने सम्बन्धी ऋणी लगायत जमानीकर्तालाई समेत सुचित गरिन्छ अन्यथा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा दृष्टिबन्धक गरी दिएको चलअचल सम्पत्ति गोप्य सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम विक्री गरिने भएको हुँदा उक्त सम्पत्ति के कति दर भाउ र मूल्यमा खरिद बिक्री गरिने हो खुलाई यो सूचना प्रकाशित भएको ३६ (छत्तिसौ) दिनभित्र सिलबन्दी बोलपत्र यस संस्थाको कार्यालय ललितपुर सातदोवाटो वडा नं.१४ मा दाखिला गर्न हुन इच्छुक व्यक्तिहरूको लागि यो सूचना प्रकाशित गरेको छ, कारणवश तपसिलमा उल्लेखित सम्पत्ति विक्री नभएमा प्रचलित संस्था आफैंले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट संस्थाको सम्पूर्ण बक्यौता रकम अशुल उपर नभएसम्म ऋणी लगायत व्यक्तिगत धनजमानीकर्ताको अन्य चलअचल सम्पत्तिबाट समेत असुल उपर गरी लिने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरणहरू | व्यक्तिगत जमानिकर्ताको विवरण |
|---|---|---|
| १. | **नाम : इन्द्र बहादुर कुँवर**<br>**बाजे** : मनिराम कुँवर<br>**बुबा** : चन्द्र बहादुर कुँवर<br>**स्थायी ठेगाना** : फलेवास गा.वि.स./न.पा. वडा नं. ११ पर्वत जिल्ला<br>**नागरिता नं.**: ४७१८६ (पर्वत),<br>**जारी मिति** : २०६१/११/०३<br>**धितोको विवरण** : ऋणीकै नाममा ललितपुर जिल्ला साविक (लामाटार गा.वि.स) वडा नं.१, हाल महालक्ष्मी न.पा.९ मा रहेको कि.नं.१११, क्षे.फ.०-८-२-० को जग्गा | **नाम** : मिना थापा कुँवर<br>**श्रीमान** : इन्द्र बहादुर कुँवर<br>**बुबा** : छम बहादर थापा<br>**स्थायी ठेगाना** : फलेवास गा.वि.स./न.पा.<br>**वडा नं.** ११ पर्वत जिल्ला<br>**नागरिता नं.** : ५०१०४०-१०५१ (पर्वत)<br>**जारी मिति** : २०६४/०२/०८ |

**लिलाम विक्रीका शर्तहरू :**

१. लिलाममा अन्तिम पटक सबैभन्दा बढी कबुल गर्ने व्यक्तिले आफूले बोलेको कुल रकमको १० प्रतिशतले हुने नगद रकम धरौटी वापत तुरुन्तै डाक बढाबढ गरेकै बखतमा यस संस्थामा बुझाउनु पर्नेछ ।
२. लिलाम सकार गर्ने व्यक्तिले स्वीकृत पत्र पाएको मितिले १५ दिनभित्र कबुल गरेको सम्पूर्ण रकम बुझाउनु पर्नेछ नबुझाएमा धरोटी रकम जफत गरीने छ । त्यसपछि दोस्रो बढी रकम कवोल गर्नेलाई मौका दिइनेछ ।
३. धितो सुरक्षण रहेको अचल सम्पत्ति लिलाम विक्रीमा सकार गरी लिनेले अचल सम्पत्ति दाखिला खारेज गर्दा लाग्ने शुल्क लगत दस्तुर वापतको नगद रकम सबै आफैँले व्यहोर्नु पर्ने छ ।
४. यस संस्थाको कार्यालयमा तोकिएको दिन र समयमा लिलाम बढाबढ गरिनेछ । उक्त दिन विदा गरेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको समयमा हुनेछ ।
५. लिलाम बढाबढ गर्दा सबै भन्दा बढि अंक बोल्ने व्यक्तिलाई धितोको सुरक्षणको अचल सम्पत्ति दिइने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
६. जग्गा, घर हेर्न चाहेमा आफ्नो खर्चमा सम्बन्धित स्थानमा गई हेर्न सकिने छ ।
७. जग्गा धनी वा निजको प्रतिनिधि लिलाम विक्री हुने समयमा उपस्थित हुनुपर्नेछ । तर निज वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि लिलाम विक्री गर्न वाधा पुगेको मानिने छैन ।
८. धितो लिलाम विक्री हुँदा डाक बढाबढमा कसैले भाग नलिएमा संस्था आफैले धितो जग्गा सकार गरी लिनेछ ।
९. शर्त बन्देजसहितको बोलपत्र फारम १ प्रतिको रु. १०००/- (एक हजार) फिर्ता नहुने गरी खरिद गर्न सकिने यस संस्थाको कार्यालयमा उपलब्ध हुन्छ ।
१०. यस बाहेकका जानकारीको लागि संस्थाको कार्यालयमा सम्पर्क गनुहोला ।

**धितो लिलाम हुने मिति, समय र स्थान :**
स.सं.लि.
**लिलाम हुने मिति** : २०८३/०२/१९ गते
**समय** : दिनको २:०० बजे
**स्थान** : संस्थाको कार्यालय सातदोबाटो सुविधानगर जगदम्बा बचत तथा ऋण सहकारी ललितपुर जिल्ला, ल.म.न.पा.१४ सातदोबाटो, फोन नं.०१-४९९०८२७ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३००५०० | प्रति तोला – ० | प्रति तोला – ५०४५ |

## दिगो र समावेशी आर्थिक वृद्धिलाई सहयोग पुऱ्याउने प्रतिबद्धता




**काठमाडौं (प्रस)–** नेपाल राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेलले आर्थिक स्थायित्व कायम गर्दै मुलुकमा दिगो र समावेशी आर्थिक वृद्धिलाई सहयोग पुऱ्याउने नेपाल राष्ट्र बैंकको प्रतिबद्धता रहेको बताएका छन् । नेपाल राष्ट्र बैंकको ७१औं वार्षिकोत्सवमा गर्भनर पौडेलले सरल, नियमन, प्रभावकारी सुपरिवेक्षण, नीतिगत सुधार तथा प्रविधिमैत्री वित्तीय प्रणालीमार्फत मुलुकको आर्थिक समृद्धिमा योगदान पुऱ्याउने बैंकको प्रयास रहेको बताए । उनका अनुसार पछिल्लो समय पश्चिम एसियाको युद्धले समग्र अर्थतन्त्र र वित्तीय क्षेत्रमा पार्ने प्रभावको नियमित अध्ययन गरी सजग रहन आवश्यक छ । गर्भनर पौडेलले गत आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदनअनुसार विश्व अर्थतन्त्रको अवस्थाबारे समीक्षा गरेका थिए ।

उक्त प्रतिवेदनमा अन्तरराष्ट्रिय मुद्रा कोष (आइएमएफ) को २०२६ अप्रिलका अद्यावधिक वर्ल्ड इकोनोमिक आउटलुक(डब्लुइओ) का अनुसार विश्व अर्थतन्त्र बढ्दो अनिश्चितता र जोखिममा रहेको जनाइएको छ । पश्चिम एसियामा जारी भूराजनीतिक तनाव र यसबाट सिर्जित आपूर्ति अवरोध र इन्धनको मूल्य उतारचढावले विश्व अर्थतन्त्र प्रभावित भएको उनले बताए । कार्यक्रममा बैंकका सर्वोत्कृष्ट एक र अन्य उत्कृष्ट सात कर्मचारीलाई पुरस्कृत गरिएको थियो भने २० वर्ष सेवा अवधि पूरा गरेका १७ कर्मचारीलाई दीर्घकालीन सेवा सम्मान प्रदान गरिएको थियो ।

आर्थिक स्थितिपत्र-२०८३

# 'आर्थिक दिशा तय गर्ने आधार दस्तावेज'

■ प्रभाव संवाददाता

**काठमाडौं–** मुलुकको वर्तमान समग्र आर्थिक, सामाजिक र शासकीय अवस्थाको मूल्याङ्कनसहित सरकारले 'नेपालको वर्तमान आर्थिक स्थितिपत्र-२०८३' सार्वजनिक गरेको छ । नयाँ सरकार गठनपछि अर्थ मन्त्रालयको जिम्मेवारी सम्हाल्ने वित्तिकै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले सो दस्तावेज तयार पार्ने निर्णय गरेका थिए । मन्त्रालयका अनुसार यो स्थितिपत्रले मुलुकको वर्तमान आर्थिक अवस्थाको वस्तुनिष्ठ चित्र प्रस्तुत गर्नुका साथै आगामी नीति, योजना र बजेट निर्माणका लागि मार्गदर्शन गर्ने उद्देश्य राखेको छ ।

सरकारले सार्वजनिक गरेको स्थितिपत्रलाई आगामी आर्थिक दिशा तय गर्ने आधार दस्तावेजका रूपमा हेरिएको छ । पछिल्ला वर्षहरूमा सुस्त आर्थिक वृद्धि, घट्दो निजी लगानी, बेरोजगारी, बढ्दो आयात निर्भरता, कमजोर कार्यान्वयन क्षमता र वित्तीय स्रोतको सीमितता जस्ता चुनौतीबीच दस्तावेज सार्वजनिक भएको हो ।

स्थितिपत्रले नेपालको अर्थतन्त्र अहिले अनेक चुनौतीबाट घेरिएको स्वीकार गरे पनि रूपान्तरणका लागि बहुआयामिक अवसरहरू प्रशस्त रहेको निष्कर्ष निकालेको छ । दस्तावेजमा स्थिर सरकार, सुशासन र लगानीमैत्री नीतिगत वातावरण निर्माण गर्न सके निजी क्षेत्रको विश्वास पुनःस्थापित हुने र स्वदेशी तथा विदेशी लगानी बढ्ने उल्लेख गरिएको छ । यसबाट उत्पादनमूलक क्षेत्र विस्तार, रोजगारी सिर्जना र आर्थिक गतिविधि तीव्र हुने अपेक्षा गरिएको छ ।

अर्को ठूलो सम्भावनाका रूपमा जलविद्युत् क्षेत्रलाई प्रस्तुत गरिएको छ । नेपालसँग विशाल जलस्रोत रहेकाले सस्तो र भरपर्दो ऊर्जा उत्पादनमार्फत औद्योगिकीकरण, सेवा क्षेत्र विस्तार तथा विद्युत् निर्यातबाट स्थिर वैदेशिक आम्दानी प्राप्त गर्न सकिने स्थितिपत्रमा उल्लेख छ । क्षेत्रीय विद्युत् व्यापार विस्तारले हरित ऊर्जा बजारमा नेपालको भूमिका अझ बलियो बन्ने जनाइएको छ ।

सरकारले प्राकृतिक, धार्मिक, सांस्कृतिक र हिमाली सम्पदा नेपालको अर्को बलियो आर्थिक आधार भएको औंल्याएको छ । हिमाल, संस्कृति, समुदायमा आधारित पर्यटनको एकीकृत विकासमार्फत ग्रामीण क्षेत्रमा आय र रोजगारी सिर्जना गर्न सकिने स्थितिपत्रमा उल्लेख छ । पर्यटन पूर्वाधार, सेवा गुणस्तर, आवागमन सहजता र गन्तव्य व्यवस्थापन सुधार गर्न सके अन्तरराष्ट्रिय प्रतिस्पर्धात्मकता बढ्ने स्थितिपत्रको निष्कर्ष छ ।

त्यसैगरी यो दस्तावेजमा कृत्रिम बौद्धिकता, रोबोटिक्स, सूचना प्रविधि सेवा, बिजनेस प्रोसेस आउटसोर्सिङ तथा डिजिटल उद्यमशीलतालाई आगामी दशकको प्रमुख अवसरका रूपमा राखिएको छ । न्यून पुँजीमा उच्च मूल्य सिर्जना गर्ने यस्ता क्षेत्रले नेपाली युवा शक्तिलाई विश्व बजारसँग जोड्न सक्ने सम्भावना औंल्याइएको छ ।

स्थितिपत्रले कृषि क्षेत्रको आधुनिकीकरणमार्फत उत्पादन, आय र निर्यात बढाउन सकिने स्पष्ट पारेको छ । उच्च मूल्यका बाली, पशुपालन, बगैंचा विकास तथा कृषि प्रशोधन उद्योगमा लगानी बढाएर आयात प्रतिस्थापन सम्भव रहेको उल्लेख गरिएको छ ।

त्यस्तै औद्योगिक विकास, आपूर्ति शृंखला सुदृढीकरण, विशेष आर्थिक क्षेत्र (सेज), औद्योगिक क्लस्टर तथा व्यापार सहजीकरणलाई निर्यातमुखी अर्थतन्त्र निर्माणका प्रमुख साधन भनिएको छ । भौगोलिक अवस्थाको लाभ उठाउँदै नेपाललाई क्षेत्रीय 'ट्रान्जिट ट्रेड हब' बनाउने सम्भावना पनि स्थितिपत्रले औंल्याएको छ ।

सरकारले यातायात, ऊर्जा, सिँचाइ र डिजिटल पूर्वाधारमा तीव्र लगानी बढाउनुपर्ने निष्कर्ष निकालेको छ । सार्वजनिक-निजी साझेदारी (पिपिपी) मोडेलबाट ठूला आयोजना अघि बढाउने सम्भावना रहेको दस्तावेजमा उल्लेख छ ।

त्यसैगरी वार्षिक रूपमा ठूलो रकम भित्र्याउने विप्रेषण (रेमिट्यान्स) लाई उपभोगमा मात्र सीमित नराखी उद्यमशीलता, सीप विकास र उत्पादन क्षेत्रमा जोड्नुपर्नेमा जोड दिइएको छ । वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकको अनुभव र सीपलाई घरेलु उत्पादनमा उपयोग गर्ने नीति आवश्यक रहेको बताइएको छ ।

वित्तीय क्षेत्रतर्फ वित्तीय समावेशीकरण, डिजिटल बैंकिङ, दीर्घकालीन लगानी उपकरण विस्तार गरी बचतलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्नुपर्ने सिफारिस गरिएको छ ।स्थितिपत्रमा मुलुकभित्र उपलब्ध खनिज, जल, जमिन, जंगल र जडीबुटीको दिगो उपयोगबाट आय, उत्पादन र रोजगारी बढाउन सकिने उल्लेख छ । जैविक तथा पर्यावरणीय सन्तुलन कायम राख्दै स्रोत उपयोग गर्ने नीति अवलम्बन गर्नुपर्नेमा जोड दिइएको छ ।

## कर्पोरेट

### नर्भिक इन्टरनेसनल हस्पिटलको सेयर निष्काशनसम्बन्धी छलफल




**काठमाडौं (प्रस)–** नर्भिक इन्टरनेसनल हस्पिटल लिमिटेडको सेयर निष्कासन सम्बन्धी बुक-बिल्डिङ प्रक्रिया अन्तर्गत छलफल 'रोड शो' सम्पन्न भएको छ । निष्कासन तथा बिक्री प्रबन्धक लक्ष्मी सनर्राइज क्यापिटलद्वारा आयोजना गरिएको 'रोड शो' मा योग्य संस्थागत लगानीकर्ताहरूको उल्लेखनीय र उत्साहजनक सहभागिता रहेको थियो । 'रोड शो' कार्यक्रममा संस्थागत लगानीकर्ताहरूले मूल्य निर्धारण, माग तथा मूल्याङ्कन सम्बन्धी आफ्ना धारणा तथा सुझाव प्रस्तुत गरेका थिए । प्रस्तुति तथा छलफल मार्फत नर्भिक इन्टरनेसनल हस्पिटलका प्रमुख कार्यकारी अधिकृत (सिईओ) अजयकुमार मिश्रले वर्तमान सञ्चालन अवस्था, वित्तीय कार्य सम्पादन, रणनीतिक दिशा तथा भविष्य विस्तार योजनाबारे विस्तृत जानकारी प्रदान गरेका थिए ।

उक्त अन्तरक्रियाले संस्थागत लगानीकर्ताहरूमा अस्पतालको दिगो विकास र सेवा सम्बन्धी सम्भावनाबारे स्पष्ट बुझाइ दिन सफल भएको छ ।

निष्कासन तथा बिक्री प्रबन्धक लक्ष्मी सनराईज क्यापिटलले 'रोड शो' कार्यक्रममा मूल्याङ्कन पद्धति, मूल्य निर्धारणका आधारहरू, मागको विश्लेषण, बुक-बिल्डिङ संरचना तथा नियामक प्रावधान सम्बन्धी विस्तृत जानकारी प्रस्तुत गरेको थियो । सहभागी लगानीकर्ताहरूले प्रस्तुत गरिएको मूल्य खोजी प्रक्रिया पारदर्शी, व्यावसायिक तथा विश्वास योग्य रहेको धारणा व्यक्त गरेका थिए ।

यस कार्यक्रमको सफल सम्पन्नताले नेपालको पुँजी बजारमा बुक-बिल्डिङ प्रक्रियालाई थप सुदृढ बनाउने दिशामा महत्वपूर्ण योगदान पुगेको विश्वास लिइएको छ । यसले पारदर्शी, बजार-आधारित मूल्य खोजी प्रक्रिया र सूचित संस्थागत सहभागितालाई थप प्रोत्साहन गर्ने अपेक्षा गरिएको छ ।

### महालक्ष्मी विकास बैंकका संस्थागत कार्यक्रमहरु सम्पन्न




**काठमाडौं (प्रस)–** महालक्ष्मी विकास बैंकले वित्तीय साक्षरता, शिक्षा, स्वास्थ्य, दैवी प्रकोप व्यवस्थापन, वातावरण संरक्षण, सांस्कृतिक प्रबर्द्धन, पूर्वाधार निर्माण/सुधार, दिगो विकास लक्ष्य, मानव सेवा तथा परोपकार कार्य जस्ता विभिन्न क्षेत्रहरूमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत कार्यक्रम सञ्चालन गर्ने निति अनुरूप बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न कार्यक्रमहरू सम्पन्न गरेको छ । सोही अन्तर्गत बैंकले लुम्बिनी वर्ल्ड पिस फोरमसँगको सहकार्यमा 'दश लाख वृक्षारोपण तथा संरक्षा अभियान' अन्तर्गत पृथ्वी दिवसको अवसर पारेर खप्तड छेडेदह गाउँपालिका वडा न. ०१, काँडामा २००० वटा कागतीको विरुवा वृक्षारोपण गर्न आर्थिक सहयोग गरेको छ ।

हरियाली क्षेत्र विस्तार गर्न, स्थानीय खाद्य सुरक्षा सुदृण गर्न, दिगो स्रोत उपयोग गर्न तथा रोजगारी सिर्जना मार्फत दुर्गम र जलवायु जोखिमयुक्त क्षेत्रमा जीवीकोपार्जनमा सहयोग पुऱ्याउनृ उद्धेश्यका साथ कार्य गरिएको हो । त्यसैगरी, क्यान्सर रोगको प्रारम्भिक पहिचान, रोकथाम तथा उपचारबारे जनचेतना अभिवृद्धि कार्यक्रम सम्पन्न गर्न तथा सोही कार्यक्रमबाट संकलित रकम कान्ति बाल अस्पतालमा रहेका क्यान्सर वार्डमा हस्तान्तरण गर्न आयोजना गरिएको कार्यक्रमलाई बैंकले आर्थिक सहयोग गरेको छ ।

संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत नै ग्लोबल मनी विक २०२६ को अवसर पारेर बैंकले श्री युद्ध संस्कृत माध्यमिक विद्यालय, नेपालगंज बाँकेमा अध्ययनरत विद्यार्थीहरूलाई पठनपाठनमा सहयोग गर्ने उद्धेश्यका साथ शैक्षिक सामाग्रीहरू वितरण गरेको छ । त्यसैगरी युवाहरू माझ जिम्मेवार वित्तीय सचेतना र व्यवहारिक आर्थिक ज्ञान प्रबर्द्धन गर्न, वित्तीय साक्षरता विस्तार गर्न, शैक्षिक तथा ज्ञानमा आधारित सामाजिक विकासमा टेवा पुऱ्याउने उद्धेश्यका साथ सातौं नेपाल इकोनोमिक ओलम्पीयाडलाई आर्थिक सहयोग गरेको छ ।

### सानिमा बैंक र फिनतारा सोलुसन्सबीच सहकार्य




**काठमाडौं (प्रस) –** सानिमा बैंक र फिनतारा सोलुसन्सबीच सहकार्य सम्झौता भएको छ । बैंकले क्रेडिट कार्ड प्रयोगकर्ताहरूका लागि सहज र आकर्षक शुन्य प्रतिशत ब्याजमा मासिक भुक्तानी सेवा सुविधा प्रदान गर्ने उद्देश्यले फिनतारा सोलुसन्स प्रा.लि. सँग सहकार्य गरेको हो ।

यस सहकार्य अन्तर्गत, बैंकका ग्राहकहरूले फिन्तारासँग आबद्ध मर्चेन्ट स्टोरहरूमा सानिमा बैंकको क्रेडिट कार्ड प्रयोग गरि सामान खरिद गर्दा आधिकतम १२ महिनासम्म शुन्य प्रतिशत ब्याजदरमा मासिक भुक्तानी सेवा सुविधा उपभोग गर्न सक्नेछन् । यो सुविधा इलेक्ट्रोनिक्स, मोबाइल सेट, ल्यपटप, फर्निचर, माउन्टेन बाइक, घरेलु उपकरण आदि खरिद गर्दा उपभोग गर्न सकिने छ । यस पहलले उच्च मुल्यका सामाग्रीहरूलाई थप सहज र पहुँचयोग्य बनाउँदै, ग्राहकहरूलाई बिना ब्याज किस्ताबन्दी मार्फत भुक्तानी गर्ने सुविधा प्रदान गर्ने लक्ष्य राखेको छ ।

बैंकले यसैगरी ग्राहकहरूलाई विभिन्न छुट तथा अफरहरू प्रदान गरी डिजिटल भुक्तानीको अधिकतम प्रयोग गर्न प्रोत्साहन गर्दै आएको छ । सानिमा बैंकले हाल देशका सातै प्रदेशमा १३४ शाखा कार्यालय तथा १२७ एटीएममार्फत सेवा प्रदान गर्दै आएको छ ।

## नेप्सेमा सुधार

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकको सुधार देखिएको छ । सोमबार नेप्से परिसूचक सात दशमलव ७३ अंकले बढेर दुई हजार ७९६ दशमलव ४३ को बिन्दुमा कायम भएको छ । ३५१ कम्पनीको एक करोड नौ लाख २८ हजार ६१७ कित्ता सेयर ८१ हजार ६ पटक खरिदबिक्री हुँदा रु चार अर्ब ७४ करोड ८८ लाख नौ हजार १२७ बराबरको कारोबार भएको छ ।

कारोबारमा जलविद्युत् समूह शून्य दशमलव १९, लगानी शून्य दशमलव २८, म्युचुअल फन्ड शून्य दशमलव ०७, व्यापार एक दशमलव ३९ र अन्य समूह शून्य दशमलव ४४ प्रतिशतले घटेको छ ।

VACANT
Vacancy Announcement

1. Public Relation Officer -1 (Male)
- Duties: Source the candidates, Handle communication and public relation
- Requirements: Bachelor degree, Good communication skill, experience in recruitment agency minimum one year. Computer literate. Having two wheeler driving license.

2. Documentation Officer -1 (Female)
- Duties: Documentation and reporting
- Requirements: Bachelor degree, Good communication skill, experience in recruitment agency minimum one year. Computer literate.

Salary: Negotiable / Lunch: Free Provided

Please send your updated CVs to
e-mail: karkebiki920@gmail.com before 3rd May 2026.

सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं ।

सामाजिक सञ्जालमाः
- जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा, मर्यादा र आत्मसम्मानमा ठेस पुऱ्याउने,
- जातीय भेदभाव, छुवाछुत, श्रम र आत्मसम्मानप्रति अवहेलना हुने,
- शान्ति सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानूनले रोक लगाएका सामाग्रीहरूको प्रकाशन, प्रशारण र प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने

जस्ता विषयवस्तु पोष्ट, सेयर, ट्याग, ह्यासट्याग गर्नु हुँदैन । यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ